# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २५४ | काठमाडौं | बिहीबार, २५ पुस २०८१ | Prabhab National Daily | Thursday, January 09, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## संविधान संशोधनबारे कांग्रेस–एमालेमा भनाभन

■ प्रभाव संवाददाता

**काठमाडौं–** संविधान संशोधनको विषयलाई लिएर सत्तारुढ दलमा भनाभन सुरु भएको छ। नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबारमात्र संविधान संशोधन अहिलेको अवस्थामा हुनै नसक्ने बताएपछि कांग्रेस नेताहरू यसको खण्डनमा लागेका हुन्।

मंगलबार प्रधानमन्त्री ओलीले पार्टीको बैठकमा संविधान संशोधन २०८७ मा मात्रै हुने बताएका थिए। दुईतिहाइको संख्या पुग्ने अवस्था नभएकोले तत्काल संविधान संशोधन भइहाल्ने अवस्था नरहेको ओलीको भनाइ थियो। 'हामी अहिले पनि संविधान संशोधन गर्न चाहिने दुईतिहाइ जुटाउने पक्षमा छौं। तर राष्ट्रिय सभाका कारण सम्भव भइरहेको छैन,' प्रधानमन्त्री ओलीले भने, 'संविधान संशोधन त गर्ने नै हो। तर ०८७ मा।'

गत असार ३० गते एमाले र नेपाली कांग्रेसको मिलीजुली सरकार बनेको हो। सरकार बनेको केही दिनमै साउन ६ गते दुई पार्टीबीच सातबुँदे सम्झौता भएको थियो। उक्त सम्झौताको दोस्रो बुँदामा संविधान संशोधनको विषयलाई प्राथमिकताका साथ राखिएको छ। 'राष्ट्रिय सहमतिको सरकारले संविधान लागू भएपश्चात् अभ्यासमा देखापरेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माणलाई प्राथमिकता दिने,' सम्झौतामा भनिएको छ।

यही विषयलाई सम्झाउँदै नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले ओलीको भनाइमा विमति जनाएका छन्। बुधबार झापा पुगेका महामन्त्री शर्माले ओलीको भनाइमा विमति राखेका हुन्। 'नेकपा एमालेको बैठक हुँदै गर्दा संविधान संशोधन २०८७ मा हुन्छ भनेर भन्नुभएको भए त्यसमा म गम्भीरतापूर्वक विमति गर्न चाहन्छु। संविधान संशोधन गर्न राष्ट्रिय सभामा माओवादीकोसमेत समर्थन नभए दुईतिहाइको गणित पुग्दैन,' शर्माले भने, 'संविधान संशोधन गर्नका लागि गणितीयरूपमा पुग्दैन भनेर ब्याकगियर लगाउने अवस्थामा हामी छैनौं। सबै दललाई विश्वासमा लिएर हामीले संशोधनको प्रक्रियामा जानुपर्छ। दुई पार्टीको विमर्शपछिमात्र २०८७ भन्न सकिन्छ। एक्लैले भन्न पाउन्न।'

कांग्रेस संघीयताको मर्मअनुरूप संघले कब्जामा राखेको अधिकार प्रदेशलाई दिनेगरी संविधान संशोधन हुनुपर्ने पक्षमा देखिन्छ। यसबारे कांग्रेसका अर्का महामन्त्री गगन थापाले मंगलबारमात्र संघीयताप्रति शीर्ष नेता उदार नभएको बताएका थिए। मंगलबार ललितपुरमा संघीयता सबलीकरणको कसीमा प्रदेशका सवालहरू विषयक अन्तर्क्रियामा थापाले भने, 'शासकीय जिम्मेवारी लिने राजनीतिक दलका नेताहरू संघीयताप्रति उदार हुन नसक्दा अहिलेको परिणाम आएको हो।'

यसैगरी उनले अधिकारलाई मुठीमा राख्दा दुर्घटना हुनसक्नेतर्फसमेत सचेत गराए। 'सबैले बाहिर भन्छन्, सरकार चलाउने ठाउँमा गइसकेपछि त्यो सबै जना हामी अधिकारलाई कसरी मुठीमा राखिराख्ने भन्नेमा हुन्छौं, सबै मिल्छौं। यसले गर्दा दुर्घटना हुने भयो,' थापाले भने। देश संघीयतामा गएसँग संघीय संविधान जारी भएको नौ वर्ष पूरा भइसकेको छ। तर, न त निजामती कर्मचारी ऐन संघीयताअनुसार सञ्चालनका लागि तयार छ न त प्रहरी ऐन नै संशोधन भएको छ।

क्रमशः पृष्ठ २ मा



हामी अहिले पनि संविधान संशोधन गर्न चाहिने दुईतिहाइ जुटाउने पक्षमा छौं। तर राष्ट्रिय सभाका कारण सम्भव भइरहेको छैन। संविधान संशोधन त गर्ने नै हो। तर, ०८७ मा।

■ **केपी शर्मा ओली**
प्रधानमन्त्री



संविधान संशोधन गर्नका लागि गणितीय रूपमा पुग्दैन भनेर 'ब्याकगियर' लगाउने अवस्थामा हामी छैनौं। सबै दललाई विश्वासमा लिएर हामीले संशोधनको प्रक्रियामा जानुपर्छ।

■ **विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस



संविधान संशोधनभन्दा पनि कार्यान्वयनमा ध्यान दिनुपर्छ। संशोधन गर्ने हो भने राष्ट्रिय बहस सञ्चालन गर्नुपर्छ।

■ **अग्निप्रसाद सापकोटा**
उपाध्यक्ष, माओवादी केन्द्र

सहकारीको बचत अपचलन प्रकरण

## एमाले नेता ऋषिकेषपत्नी अञ्जला धरौटीमा छुटिन्, रवि हिरासतमै

■ जेबी योञ्जन

**काठमाडौं–** सत्ताको शक्ति कतिसम्म दुरूपयोग हुन्छ भन्ने प्रमाण हो एमाले नेता ऋषिकेश पोखरेलपत्नी अञ्जना कोइरालाको रिहाइ। मोरङको धनपालथान–४, कर्सियामा रहेको उमागौरी कृषि सहकारीको २२ करोडभन्दा बढी रकम हिनामिना गरेको आरोपपछि फरार रहेकी कोइराला दुई घन्टामै थुनामुक्त भएकी छन्।

जबकि सोही प्रकृतिको मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने कात्तिक २ गतेदेखि कास्की प्रहरीको हिरासतमा छन्। पुस २ गते अञ्जलाविरुद्ध मोरङ जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेकोमा बुधबारमात्र उनी सुटुक्क अदालत हाजिर भएकी थिइन्। हाजिर हुनासाथ दुई घन्टा थुनछेक बहसपछि १० लाख रूपैयाँ धरौटी बुझाएर बुधबार नै अञ्जला थुनामुक्त भएकी छन्। अञ्जला संसद्को लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी श्रीमती हुन्। ऋषिकेश सत्ताको नेतृत्व गरिरहेको दल नेकपा एमालेका सांसद हुन्।

गत मंसिर २७ गते उमागौरीको २२ करोड ४८ लाख २७ हजार रूपैयाँ हिनामिना प्रकरणमा जिल्ला सरकारी वकिलको कार्यालय मोरङले अञ्जलासहितका प्रतिवादीविरुद्ध मुद्दा दायर गरेको थियो। अदालतले हदम्याद जारी गरेको २२औं दिनको बिहान १० बजे जिल्ला अदालत हाजिर भएकी उनीविरुद्ध दुई घण्टासम्म थुनछेक बहस चलेको थियो।

अञ्जलाले आफू सञ्चालक समिति सदस्य पदमा रहेकोमा २०७८ माघ १५ गतेको १०औं साधारणसभाले राजीनामा स्वीकृत गरिसकेको बताएकी थिइन्। सोही आधारमा उनले विभिन्न बैंक तथा वित्तीय संस्थाहरू, व्यक्तिहरूसँग भएका वित्तीय कारोबारमा आफ्नो कुनै पनि दायित्व नरहने दाबी पेस गरेकी थिइन्। उक्त साधारणसभाको निर्णयपछि पाएको पत्र देखाउँदै अञ्जलाले सहकारीको कुनै निर्णयलगायत कुनै पनि कागजातमा सहीछापसमेत नगरेको तर्क गरिन्।

बहसमा सरकारी वकिलको

क्रमशः पृष्ठ २ मा



- मोरङको धनपालथान–४, कर्सियामा रहेको उमागौरी कृषि सहकारीको २२ करोडभन्दा बढी रकम हिनामिना गरेको आरोपपछि फरार रहेकी अञ्जला कोइराला अदालतमा उपस्थित भएको दुई घन्टामै रिहा
- जबकि सोही प्रकृतिको मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने कात्तिक २ गतेदेखि कास्की प्रहरीको हिरासतमा
- कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा पक्राउ परेका लेखा समिति सदस्य सुनिता नेवा चार लाख र सञ्चालक समिति सदस्य कमल लामा तीन लाख धरौटी बुझाएर छुटे

### रविको मुद्दामा आज फैसला आउने सम्भावना

पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनसम्बन्धी कास्की अदालतमा विचाराधीन मुद्दामा आज आदेश आउने सम्भावना भएको बताइएको छ। बुधबार नै जाहेरवालाका वकिलहरूले जवाफी बहस सकाएकाले आज बिहीबार सरकारी वकिलहरूले बहस गरेपछि आजै साँझ फैसला आदेश आउन सक्ने स्रेस्तेदार राजन खनालले जानकारी दिए।

न्यायाधिवक्तासहित उच्च सरकारी वकिल कार्यालयबाट पनि बहस हुने भएकाले बहस भने लामो समय जानसक्ने खनालले बताए। बुधबार जाहेरवालाको तर्फबाट रमण कर्ण, राम घिमिरे र वेदबहादुर विष्टले जवाफी बहस गरेका छन्। उनीहरूले लामिछानेसहित चारजना प्रतिवादीहरूको गोर्खा मिडिया नेटवर्कमा जिम्मेवार संलग्नता रहेकोले सहकारीको रकम ल्याउन पनि भूमिका खेलेको बताएका छन्।

पीडितहरूले न्याय पाउन सबैलाई पुर्पक्षका लागि थुनामा पठाउनुपर्ने दाबी वकिलहरूको छ। त्यसअघि प्रतिवादी रामबहादुर खनालको तर्फबाट वरिष्ठ अधिवक्ता विष्णुप्रसाद शर्मा र मोहनबहादुर थापाले बहस गरेका छन्। कृष्णबहादुर गुरुङको पक्षबाट अधिवक्ता हरि सुवेदी र गंगाप्रसाद सुवेदी तथा मीना गुरुङ र आरती गुरुङको पक्षबाट



वरिष्ठ अधिवक्ता सुरेन्द्र थापामगर र अधिवक्ता मनोज घर्ती मगरले थुनछेक बहस गरेका हुन्।

#### स्वर्णलक्ष्मीमा आरोप लागेका दुईजना रिहा

कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा पक्राउ परेका दुईजना धरौटीमा रिहा भएका छन्। जिल्ला अदालतको आदेशअनुसार सहकारीको लेखा समिति सदस्य सुनिता नेवा चार लाख र सञ्चालक समिति सदस्य कमल लामा तीन लाख धरौटी बुझाएर रिहा भएका हुन। मंगलबार काठमाडौं जिल्ला अदालतका न्यायाधीश पदमराज पाण्डेयको इजलासले उनीहरूलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो।

**सन्दर्भ: वैदेशिक रोजगार**

तालिम प्रदायक संस्थालाई विभागको निर्देशन

## अभिमुखीकरण तालिममा बढी शुल्क नउठाउनू

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूलाई कामदारसँग तोकिएकोभन्दा बढी शुल्क नउठान चेतावनी दिएको छ। विभागले एक विज्ञप्ति जारी गरी कतिपय संस्थाहरूले वैदेशिक रोजगारमा जानुपूर्व अभिमुखीकरण तालिम प्रदान गर्दा कामदारसँग बढी शुल्क लिएको गुनासो प्राप्त भएको उल्लेख गर्दै उक्त चेतावनी दिएको हो।

सरकारले हालसम्म तालिम शुल्कमा कुनै परिवर्तन नगरेकोसमेत विभागले प्रस्ट पारेको छ। 'नेपाल सरकारले तोकेको पूर्ववत् तालिम शुल्कमा हालसम्म कुनै परिवर्तन नभएको हुँदा अभिमुखीकरण तालिम कक्षा सञ्चालन गर्दा सोहीबमोजिम शुल्क लिएर मात्र तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउनू,' विज्ञप्तिमा भनिएको छ।

अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्थाहरूले मनपरि शुल्क लिने तथा कतिपयले तालिम नै नलिई नक्कली प्रमाणपत्र बिक्री गरेको पाइएपछि विभागले कडाइ गर्दै आएको छ। यसरी प्रमाणपत्र लिएर विदेश जाने कामदारले कार्यस्थलमा समस्या भोग्दै आएका छन्।

### माघ १ गतेबाट क्लस्टरअनुसार तालिम

यसैबीच सरकारले आगामी माघ १ गतेबाट वैदेशिक रोजगारमा जाने कामदारलाई वैदेशिक रोजगारमा जानुपूर्व प्रदान गरिने अभिमुखीकरण तालिम देशगत समूह क्लस्टरअनुसार सञ्चालन गर्ने व्यवस्था लागू गर्ने तयारी गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीस्तरको निर्णयबाट उक्त व्यवस्था कार्यान्वयन गर्न लागिएको वैदेशिक रोजगार विभागले जानकारी दिएको छ।




विभागले यसका लागि आवश्यक तयारी गर्न तालिम प्रदायक संस्थाहरूलाई आग्रह गरेको छ। विभागले एक परिपत्र जारी गरी सोहीअनुसार व्यवस्था मिलाउन भनेको हो।

विभागका निर्देशक लोकनाथ भुसालद्वारा प्रेषित पत्रमा यसअघि विभागसमक्ष आवेदन पेस भई देशगतरूपमा क्लस्टर छनोट भइसकेका सूचीकृत संस्थाहरूले तोकिएको क्लस्टरबमोजिम नै हुनेगरी तोकिएको मितिबाटै तालिम सञ्चालनको प्रबन्ध मिलाउन भनिएको छ।

यसैगरी यसअघि आवेदन नगरेका वा अन्य कुनै कारणले क्लस्टर छनोट हुन छुटेका सूचीकृत संस्थाहरूले मिति यही पुस २८ भित्र आवेदन दिनसक्ने जनाइएको छ।

क्रमशः पृष्ठ २ मा

## उद्यमी पुरस्कारका लागि मन्त्रालयले माग्यो आवेदन

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारबाट फर्किएर (रिटर्नी) उद्यम गरिरहेकाहरूलाई सम्मान तथा पुरस्कारका लागि आवेदन आह्वान गरेको छ। मन्त्रालयले स्वदेशमै उद्यमशीलतामा लाग्न प्रोत्साहित गर्ने उद्देश्यले प्रत्येक वर्ष यस्ता उद्यमीलाई सम्मान तथा पुरस्कार प्रदान गर्दै आएको छ।

यही पुस १६ गते प्रकाशित सूचनामा मन्त्रालयले स्वदेश फर्किएर उदारणीय उद्यम सञ्चालन गरिरहेका उद्यमीलाई सम्मान तथा पुरस्कारका लागि दाबी पेस गर्न आह्वान गरेको हो। यसका लागि आगामी माघ ७ गतेभित्र आवेदन दिइसक्न आग्रह गरिएको छ।

मन्त्रालयका अनुसार आवेदक कार्य (वर्क) भिसामा विदेश गएर कम्तीमा एका वर्ष काम गरेर फर्किएको हुनुपर्ने छ। यसैगरी विदेशबाट फर्किएर उद्यम सञ्चालन गरेको न्यूनतम एक वर्ष पूरा गरेको हुनुपर्ने छ। गत वर्षहरूमा आवेदन दिएका तर छनोटमा नपरेका उद्यमीहरूले पनि यसमा सहभागी हुन पाउने छन्। तर, मन्त्रालयबाट पछिल्लो पाँच वर्षभित्र सम्मान तथा पुरस्कार पाएका उद्यमीले भने यो प्रक्रियामा भाग लिन पाउने छैनन्।

छनोटमा परेका उद्यमीहरूलाई नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिने मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार यो कार्यक्रमको उद्देश्य स्वदेशमै उद्यमशीलता प्रवर्द्धन गर्दै वैदेशिक रोजगारमा बढ्दो निर्भरता घटाउनु हो। यसले मुलुकको आर्थिक विकासलाई सघाउ पुऱ्याउनका साथै उद्यमशील व्यक्तिलाई समाजमा सम्मानको वातावरण सिर्जना गर्ने मन्त्रालयको भनाइ छ।

सरकारले विदेशमा आर्जन गरेको सीप र पुँजीको उपयोग गरी मुलुकमा उद्यमशीलता प्रवर्द्धन गर्ने नीतिका साथ काम गरिरहेको बताइए पनि प्रभावकारी बन्न नसकेको सरोकारवालाहरू बताउँछन्। यस खालको सम्मान तथा पुरस्कारले थोरै भए पनि प्रोत्साहन मिल्ने उनीहरूको भनाइ छ।


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# पाठ्यक्रम समसामयिक बनाउन निर्देशन

**काठमाडौं (प्रस)**– पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्ले माध्यमिक तह (कक्षा ९-१०) को इतिहास र वातावरण विज्ञान विषयको पाठ्यक्रम थप समसामयिक र विद्यार्थीमुखी बनाउन पाठ्यक्रम विकास केन्द्रलाई १५ दिनभित्र स्वीकृतिका लागि सिफारिस गर्न निर्देशन दिएको छ ।

परिषद्का अध्यक्ष तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईको अध्यक्षतामा बुधबार बसेको बैठकले कक्षा ९ र १० को उक्त दुई विषयका पाठ्यक्रमका विषयवस्तुलाई दैनिक जीवनसँग जोडी स्थानीय विषयसँग तादाम्यता मिलाउन र विद्यार्थीको दृष्टिकोणबाट पाठ्यक्रम निर्माण गर्नेलगायत सुझाव समेट्नुपर्ने निष्कर्ष निकाल्दै यस्तो निर्देशन दिएको हो ।

बैठकमा सहभागी शिक्षा क्षेत्रका विज्ञहरूले युवाहरूलाई देशप्रति सकारात्मक भावना विकास गराउने र नेपालको सभ्यताको इतिहासबारे थप प्रस्ट हुनेगरी पाठ्यक्रम निर्माण गर्नुपर्नेमा जोड दिएका थिए । उनीहरूले वातावरण विज्ञानको पाठ्यक्रममा नेपालको विविधता संरक्षण, हिमाल पग्लने, चुरे विनास र जलवायु परिवर्तनले नेपालमा पारेका असरलाई विद्यार्थीले बुझ्ने र त्यसको समाधानमा कसरी योगदान गर्न सकिन्छ भन्ने विषयसमेत पाठ्यक्रममा समावेश गर्न सुझाव दिएका थिए ।

यस्तै, उक्त बैठकले मातृभाषातर्फ आधारभूत तह (कक्षा ६-८) को चाम्लिङ भाषाको पाठ्यक्रम स्वीकृतिका लागिसमेत सिफारिस गरेको छ । बैठकले विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा रहेका ऐच्छिक विषयको समूह मिलान गर्दै माध्यमिक तह (कक्षा ९-१०) मा हाल कार्यान्वयनमा रहेको ऐच्छिक पहिलो समूहमा रहेका २७ भाषामध्ये नेपालमा बोलिने भाषाको छुट्टै समूह बनाउने निर्णय गरेको छ । तीन समूहमध्ये कुनै दुई समूहबाट एक-एकवटा विषय छनोट गर्न पाउने व्यवस्था गरिएको छ ।

उक्त बैठकले उच्च माध्यमिक तह (कक्षा ११-१२) मा ऐच्छिक तेस्रो समूहमा रहेका १४ भाषामध्ये नेपालमा बोलिने भाषाहरूको छुट्टै समूह बनाउने र पाँच समूहमध्येबाट विद्यार्थीले कुनै तीन विषय लिन पाउने व्यवस्था गर्ने निर्णय गरेको छ । बैठकको निर्णयअनुसार कक्षा ११-१२ को ऐच्छिक दोस्रो समूहमा रहेको जनसंख्या अध्ययनलाई ऐच्छिक तेस्रो समूहमा र तेस्रो समूहमा रहेको 'जेरोन्टोलोजी' र 'केयर ट्रेकिङ' शिक्षा विषयलाई दोस्रो समूहमा राखिएको छ । अब विद्यार्थीले आफ्नो इच्छाअनुसार पाँचवटा समूहमध्ये कुनै तीन ऐच्छिक विषय रोज्न पाउने छन् ।

विद्यार्थीको मूल्यांकनमा घरायसी तथा दैनिक जीवनमा गरेका कार्य पनि समावेश गरिने भएको छ । बैठकले विद्यार्थीको घरायसी एवं दैनिक जीवनका कार्यलाई आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) को आन्तरिक मूल्यांकनमा समावेश गर्न आवश्यक छलफल र आवश्यक तयारी गरी परिषद्मा पेस गर्न केन्द्रलाई सैद्धान्तिक सहमतिसमेत दिएको छ । उक्त बैठकले लिएका यी निर्णयहरूले विद्यार्थीहरूको सर्वांगीण विकासमा टेवा पुग्ने र पाठ्यक्रमलाई समयसापेक्ष बनाउने अपेक्षा गरिएको छ ।

## पृष्ठ १ बाट क्रमशः

### एमाले नेता...

कार्यालयका तर्फबाट सहायक जिल्ला न्यायाधिवक्ता सुदर्शन निरौला एक जनाले मात्रै बहस गरेका थिए । प्रतिवादी अञ्जलाको तर्फबाट भने वरिष्ठ अधिवक्ताहरू चुडामणि आचार्य, शान्तिराम भण्डारी, रामप्रसाद भण्डारी, डिल्लीबहादुर कार्की, सिताराम राई, रमेश कोइराला, देवीबहादुर घिमिरे, गणेशराज लुइँटेल, हेमराज पन्त र अधिवक्ताहरू साहस आचार्य, रिता दाहाल, अन्ताज हुसेन, सन्नीकुमार साह, विश्वराम भट्टराई, मुना वस्ती, हरिशंकर मण्डल, कला त्रिताल, रसिकलाल मण्डल, डिल्लीराम घिमिरे र विनोदकुमार तिम्सिनाले बहस गरे ।

दुई घण्टाको बहसपछि अदालतले १० लाख धरौटीमा छाड्न वा पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो । 'निजलाई हाल थुनामा नै राखी कारबाही गरिरहनुपर्ने नदेखिएकाले हाललाई यी प्रतिवादी अञ्जला कोइरालाबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम १० लाख रूपैयाँ नगद धरौटी वा जेथा जमानत वा बैंक जमानत दिए लिइ तारेखमा राख्नू । नदिए सोही कारण जनाइ सोही संहिताको दफा ८० बमोजिमको थुनुवा पुर्जी दिई नियमानुसार सिदा खान पाउनेगरी मुद्दा पुर्पक्षका लागि थुनामा राख्न कारागार कार्यालय मोरङमा पठाइदिनू भनी सोही संहिताको दफा ७९ बमोजिम यो आदेश गरिदिएको छ,' आदेशमा भनिएको छ ।

अदालतको आदेशलगत्तै अञ्जलाले १० लाख रूपैयाँ नगद नै बुझाएकी थिइन् । सोही प्रकरणमा धनपालथान-४ का पूर्ववडाध्यक्ष रोशन राजवंशीलाई भने अदालतले पुर्पक्षका लागि जेल चलान गरेको छ । उनी नेपाली कांग्रेसबाट २०७४ मा वडाध्यक्ष निर्वाचित भएका थिए । सोही मुद्दामा नेकपा एमालेबाट निर्वाचित रंगेली नगरपालिका वडा नम्बर २ का बहालवाला वडाध्यक्ष सन्तलाल खवासलाई अदालतले पाँच लाख रूपैयाँ धरौटीमा छाडेको थियो । सहकारी ठगी प्रकरणमा अध्यक्ष श्यामकुमार रौनियारसहित २६ जनाविरुद्ध मुद्दा दायर भएकोमा २३ जना अझै फरार छन् ।

### संविधान संशोधनबारे ...

कांग्रेस र एमालेको संयुक्त सरकारले संविधान संशोधन गर्ने तयारी गरेपछि माओवादी केन्द्रले भने एमाले अध्यक्ष एवं प्रधानमन्त्री ओलीकै बोलीलाई साथ दिने खालको निर्णय गरेको छ ।

माओवादीले राष्ट्रिय बहस सञ्चालन गरेरमात्र संविधान संशोधन गर्नुपर्ने धारणा बनाएको छ । 'संविधान संशोधन गर्दा अब प्रत्यक्ष कार्यकारी राष्ट्रपति प्रणाली लागू गर्नुपर्छ । पूर्णसमानुपातिक निर्वाचन प्रणालीतिर जानुपर्छ,' मंगलबार केन्द्रीय कमिटी बैठक सम्पन्न भएपछि माओवादी उपाध्यक्षसमेत रहेका प्रवक्ता सापकोटाले भने, 'संविधान संशोधन गर्दा जनताको अधिकार कटौतीका लागि होइन विस्तारका लागि सोच्नुपर्छ ।'

### अभिमुखीकरण...

यसका लागि आफूले सञ्चालन गर्न चाहेको तालिमको देशगत समूह क्लस्टर, सो सम्बन्धित पूर्वाधार र प्रशिक्षकहरूको योग्यता विवरणसमेत खुलाइ विभागसमक्ष आवेदन दिनुपर्ने छ । यसरी छनोट भएको आधारमा निर्धारित मिति अर्थात् माघ १ गतेबाटै देशगत समूह क्लस्टरअनुसार तालिम सञ्चालन गर्ने प्रबन्ध मिलाउन विभागले आग्रह गरेको छ ।

क्लस्टर छनोट भएका संस्थाहरूले एकभन्दा बढी क्लस्टरमा तालिम सञ्चालन गर्न चाहेमा वा तोकिएको क्लस्टर परिवर्तन गर्न चाहेमा आफूले सञ्चालन गर्न चाहेको क्लस्टरसम्बन्धी पूर्वाधार र प्रशिक्षकहरूको योग्यता विवरणसमेत खुलाई कम्तीमा सात दिनअगाडि विभागसमक्ष निवेदन पेस गर्नुपर्ने पत्रमा उल्लेख छ । 'यसरी विभागसमक्ष पेस हुन आइ विभागबाट तोकिएको क्लस्टरबमोजिमको तालिम कक्षा, तोकिएको मिति र समयभित्रै सञ्चालन गर्ने गरी प्रबन्ध मिलाउनू,' पत्रमा भनिएको छ ।


## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०७८/११/२७ गते **बि.आर.एस. मल्टिमिडिया एण्ड रिसर्च प्रा.लि.** को नामबाट दर्ता भएको **प्रा.लि. नं. २८६२१४/०७८/७९** कम्पनीको मिति २०८१/०९/२१ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपामा खारेजी (लिक्विडेसन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर: राम बहादुर तामाङ (प्र.प.नं. ५०६)**

बबरमहल, काठमाडौं । सम्पर्क: ९८५११९२६८७

## कर्मचारी हटाइएको सूचना !

यस Ever Bright Overseas Pvt. Ltd. (ई.प.नं.१४६५/०७४/०७५) मा 1. Tek Bahadur Magar (Citizenship No.36430/4687), 2. Rabina Suwal (Citizenship No.29-01-71-01629), 3. Dil Bahadur Thapa Magar (Citizenship No. 3739/3), 4. Bikash Shah (Citizenship No. 161037/109) ले यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Ever Bright Overseas Pvt.Ltd.
श्रम इजाजत नं. १४६५/०७४/०७५
Sinamangal–9, OmNagarmarg, Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०९/२५ गते)*

महिला मिलन सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको कार्यालय कम्पाउण्डमा घाटगद्दीमा विभिन्न १ वटा लट बनाई राखिएको साल गोलिया काठ १५४.३१ घ.फि.जे जस्तो अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्नेगरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । वन नियमावली २०७९ को नियम १२८ वमोजिम सुचिकृत भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यससम्बन्धी विस्तृत जानकारीका लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री महिला मिलन सामुदायिक वन उपभोक्ता समूह**
जीतपुर सिमरा उ.म.न.पा.२२, ३ नं.पुल, बारा

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८१/०९/२५**

**बर्दिया भिल्ला एकिकृत कृषि पशुपालन इन्जिनियरिङ्ग तथा पर्यटन प्रा.लि.**को मिति २०८१/०९/१९ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बर्दिया भिल्ला टुरिज्म एण्ड कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं.: २९०९८६)** कायम गर्ने गरी मिति २०८१/०९/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८१/०९/२५**

**कस्तुरी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.**को मिति २०८१/०८/११ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सान नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं.: २७४३४७)** कायम गर्ने गरी मिति २०८१/०८/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कतारमा रोजगार

कम्पनी : GREEN & MORE LANDSCAPE GARDENING L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316770 | चलानी नं. ६०२३१०५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Horticulturist | 50 | 0 | 800 | ३०,०३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | LABORER (CIVIL) | 50 | 0 | 800 | ३०,०३९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Greenland Services Pvt. Ltd. "A Complete Ethical Recruitment Agency"
Basundhara,Kathmandu, Nepal, Tel: +977 1 5916353, Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com

## युएईमा रोजगार

कम्पनी : UNITED EAST PROJECTS LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316872 | चलानी नं. ६०२३१०५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Supervisor | 1 | 0 | 3500 | १३१,४२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chemical Technician | 2 | 0 | 1700 | ६३,८३४ | | | | | | | |
| 3 | Electrical Engineering Technician | 1 | 0 | 2500 | ९३,८७३ | | | | | | | |
| 4 | Electrician (Power And Lighting) | 3 | 0 | 1700 | ६३,८३४ | | | | | | | |
| 5 | Electrician/electric Control Pannel | 1 | 0 | 2500 | ९३,८७३ | | | | | | | |
| 6 | Filing Clerk | 1 | 0 | 1300 | ४८,८१४ | | | | | | | |
| 7 | Insulation Worker | 1 | 0 | 1500 | ५६,३२४ | | | | | | | |
| 8 | Light Vehical Driver | 1 | 0 | 2000 | ७५,०९८ | | | | | | | |
| 9 | Project Manager | 2 | 0 | 5500 | २,०६,५२२ | | | | | | | |
| 10 | Road Maintenance Technician | 2 | 0 | 1700 | ६३,८३४ | | | | | | | |
| 11 | Sr Power Plant Technician | 1 | 0 | 1700 | ६३,८३४ | | | | | | | |
| 12 | Technician/wiring Electrician Assistant | 5 | 0 | 1700 | ६३,८३४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 313077/ 313080 मिति: २०८१/०७/१७ मा प्रकाशित हुनुपर्नेमा शुभ दिपावलीको बिदा पर्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## कुवेतमा रोजगार

कम्पनी : Lamess Nail Bar and Spa Ladies Salon Company

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316855 | चलानी नं. ६०२३१०६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 160 | ७१,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Female | 0 | 2 | 120 | ५३,६७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ६ गते (19th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : KEYSTONE Facilities Management Co.

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316787 | चलानी नं.६०२३१०६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 40 | 10 | 100 | ४४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।**
**कास्की, पोखरा, Dibyashwori food land, Bajeko Sekuwa मा मिति: २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.
Govt. License 593/062/63
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486

## कुवेतमा रोजगार

कम्पनी : El Cielo Lounge Ladies Beauty Center Co.

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316808 | चलानी नं. ६०२३१०५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/hair Stylist | 0 | 2 | 150 | ६७,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist/pedicurist | 0 | 2 | 150 | ६७,०९० | | | | | | | |
| 3 | Nail Technicians | 0 | 2 | 150 | ६७,०९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## युएईमा रोजगार

कम्पनी : Kanaan Gents Saloon. L.L.C. - Branch

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316860 | चलानी नं. ६०२३१०६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 4 | 0 | 1700 | ६३,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser | 5 | 0 | 1700 | ६३,८३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**बिहीबार, २५ पुस, २०८१**

- **मेष** – सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने ।
- **वृष** – अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता ।
- **मिथुन** – सफलताले हौसला, विशेष काममा जग बसाउने ।
- **कर्कट** – सुखद समाचारले मनको डर उत्साहमा रुपान्तरण ।
- **सिंह** – नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने ।
- **कन्या** – दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना ।
- **तुला** – अरूको करकापमा काम गर्न बाध्य ।
- **वृश्चिक** – सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने ।
- **धनु** – रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ ।
- **मकर** – दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ ।
- **कुम्भ** – पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ ।
- **मीन** – फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ पुस, २०८१ (८ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३६.८५ | १३७.४५ |
| युरो | १ को | १४२.४५ | १४३.०८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.६० | १७२.३६ |
| स्विस फ्रैन्क | १ को | १५०.९८ | १५१.६४ |
| अस्ट्रेलियन डलर | १ को | ८५.९१ | ८६.२९ |
| क्यानाडियन डलर | १ को | ९५.६१ | ९६.०३ |
| सिङ्गापुर डलर | १ को | १००.५३ | १००.९७ |
| जापानी येन | १० को | ८.६७ | ८.७१ |
| चिनियाँ युआन | १ को | १८.६८ | १८.७६ |
| साउदी अरब रियाल | १ को | ३६.४५ | ३६.६१ |
| कतारी रियाल | १ को | ३७.५४ | ३७.७० |
| थाई भाट | १ को | ३.९७ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२६ | ३७.४२ |
| मलेसियन रिङ्गेट | १ को | ३०.५० | ३०.६३ |
| दक्षिण कोरियन वन | १०० को | ९.४३ | ९.४७ |
| स्विडिस क्रोनर | १ को | १२.४२ | १२.४७ |
| डेनिस क्रोनर | १ को | १९.१० | १९.१८ |
| हङकङ डलर | १ को | १७.६० | १७.६८ |
| कुवेती दिनार | १ को | ४४३.९३ | ४४५.८८ |
| बहराइन दिनार | १ को | ३६३.०३ | ३६४.६२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**नेवारी परिकार** | काठमाडौंको टोखामा नेवाः देय् दबू टोखा नगर समितिले बुधबार आयोजना गरेको १५औं नेवाः एकता दिवस कार्यक्रममा नेवारी खाजा स्टलमा विभिन्न परिकार पकाउँदै टोखाका स्थानीय महिला ।
*तस्बिरः हरिराम भेटुवाल/रासस*

# विपिनको रिहाइका लागि पहल गरिदिन परराष्ट्रमन्त्रीको आग्रह



**काठमाडौं (प्रस)–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले नेपालका लागि इजरायलका राजदूत समुलिक एरी बासमार्फत इजरायल सरकारसँग हमास समूहको नियन्त्रणमा रहेका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइका लागि आग्रह गरेकी छन् । परराष्ट्रमन्त्री राणासँग बुधबार मन्त्रालयमा शिष्टाचार भेटका क्रममा राजदूत बाससँग उनले विपिनको अवस्थाबारे जानकारी लिँदै हमासको नियन्त्रणबाट मुक्त गराउन पहल गर्न इजरायल सरकारसँग आग्रह गरेकी हुन् ।

हमास समूहले आफ्नो नियन्त्रणमा रहेकामध्ये ३४ जनालाई अपहरणमुक्त गर्न लागेको भन्ने समाचार आएकाले जोशीको रिहाइलाई विशेष प्राथमिकतामा राख्न मन्त्री राणाले राजदूत बासमार्फत इजरायल सरकारलाई आग्रह गरेकी थिइन् । उक्त भेटका क्रममा राजदूत बासले हमासको नियन्त्रणमा रहेका वृद्धवृद्धा, महिला तथा बालबालिकासमेतका नाजुक स्वास्थ्यवस्थामा रहेका नागरिकहरूको रिहाइका लागि इजरायल सरकारले केही महिनाअघि हमासलाई सूची पठाएको र पहिलो चरणमा उनीहरूलाई नियन्त्रणमुक्त गर्ने तयारी रहेको भन्ने सूचना आएको जानकारी गराएका थिए ।

सन् २०२३ को अक्टोबरमा इजरायली भूमिमा आक्रमण गरी प्यालेस्टाइनी हमास समूहले १० जना नेपालीसहित एक हजारभन्दा बढी व्यक्तिको हत्या गरेको थियो । त्यसलगत्तै उनीहरूले केही व्यक्तिलाई अपहरण गरेकोमा विपिन जोशी पनि छन् । विपिनको रिहाइका लागि नेपाल सरकारले आफ्ना कूटनीतिक प्रयास जारी राखेको छ । संयुक्त राष्ट्रसंघ, विभिन्न अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मञ्चका साथै विभिन्न द्विपक्षीय एवं बहुपक्षीय बैठकहरूमा परराष्ट्रमन्त्री राणाले अन्तर्राष्ट्रिय समुदायलाई विपिनको रिहाइका लागि पहल गरिदिन आग्रह गर्दै आएकी छन् ।

# बागमती सफाइ अभियानलाई महानगरको साथ

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाका १० वटा वडाले बागमती सफाइ अभियानलाई सहयोग गर्ने सहमति जनाएका छन् । काठमाडौं महानगरपालिका-११ का अध्यक्ष हीरालाल तण्डुकारको अध्यक्षतामा बुधबार बसेको बैठकले आगामी दिनमा वडाको समन्वयमा सरसफाइ अभियान सञ्चालन गर्ने निर्णय गरेको हो ।

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको अगुवाइमा प्रत्येक शनिबार हुँदै आएको सफाइ अभियानमा अबदेखि महानगरपालिकाका तत्तत् क्षेत्रका वडाध्यक्षसहितका जनप्रतिनिधिको सहभागिता रहने सहमति भएको अभियन्ता रामशरण कार्कीले जानकारी दिए । बैठकले आगामी साताको सरसफाइ वडा नं. ८ का वडाध्यक्षको संयोजनमा सञ्चालन गर्ने निर्णयसमेत गरेको छ । काठमाडौं महानगरपालिकाका विभिन्न १० वटा वडा भएर बागमती बगेकोमा त्यसमध्ये बुधबारको बैठकमा ७, ८, ९, १०, ११, १२ र १४ का वडाअध्यक्षले सहमति जनाएका हुन् । बैठकले आगामी दिनमा फोहोर वर्गीकरण, व्यवस्थापन तथा पुनः प्रयोग गर्न प्रोत्साहन गर्ने तथा हेलचेक्र्याइँ गर्नेलाई जरिवानासमेत गर्ने निर्णय गरेको छ ।

बागमती सफाइ अभियानका प्रमुख अभियन्ता लीलामणि पौडयालको उपस्थितिमा बसेको बैठकले अधिकार सम्पन्न बागमती समितिले परियोजना कार्यान्वयनमा स्थानीय जनप्रतिनिधिसँग समन्वय गर्ने निर्णय गरेको छ । २०७० जेठ ५ गतेबाट सुरु अभियानका क्रममा हालसम्म २० हजार टनभन्दा बढी फोहोर संकलन भइसकेको जनाइएको छ । सफाइ अभियानमा विभिन्न संघसंस्था, नागरिक समाज, अधिकारकर्मी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल रेडक्रस, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति संलग्न हुँदै आएका छन् ।

## इजाजत नवीकरण नगराउने स्वास्थ्य संस्थालाई कारबाही गरिने

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले इजाजतपत्र नवीकरण नगरेका स्वास्थ्य संस्थालाई कारबाही गर्ने तयारी गरेको छ । मन्त्रालयले सूचना जारी गर्दै निजी, सरकारी, गैरसरकारी तथा सामुदायिक अस्पताल र स्वास्थ्य संस्थालाई इजाजतपत्र नवीकरण गराएर मात्र सञ्चालन गर्न सूचित गरेको हो । कतिपय गैरसरकारी तथा सामुदायिकस्तरबाट सञ्चालित संस्था नवीकरणविना सञ्चालनमा रहेको उजुरीपछि मन्त्रालयले उक्त परिपत्र गरेको हो । इजाजत नवीकरण नगरेका केही संस्थाहरू मापदण्डअनुसार सञ्चालन नभएको उजुरी मन्त्रालयले प्राप्त गरेको छ ।

जनस्वास्थ्य सेवा नियमावलीमा इजाजतपत्र नलिई स्वास्थ्य सेवा उपलब्ध गराउन नपाइने व्यवस्था भए पनि कतिपयले इजाजतपत्र नलिएको उजुरी प्राप्त भएकाले नवीकरणका लागि पत्राचार गरेको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए ।

## विद्यालय पाठ्यक्रममा स्वास्थ्य सचेतनाका विषय परिमार्जन गर्नुपर्ने

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंखमन्त्री प्रदीप पौडेलले विद्यालय पाठ्यक्रममा स्वास्थ्य जनचेतनाका विषय परिमार्जन गर्नुपर्ने बताएका छन् । शिक्षा विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईसँग भेटवार्ता गर्दै उनले विद्यालय पाठ्यक्रममा स्वास्थ्य जनचेतनासम्बन्धी विषय परिमार्जनका लागि विज्ञ समिति बनाएर काम गर्न सहकार्यको प्रस्ताव गरे । उनले भने, 'नसर्ने रोग बढ्दै गएकाले यसलाई रोकथाम गर्न विद्यालय तहबाटै सचेतनामूलक सामग्री प्रभावकारी बनाउनुपर्छ । पाठ्यक्रम विकास केन्द्रलाई स्तरीय सामग्री तयार पार्नका लागि मन्त्रालय सहकार्य गर्न तयार छ ।'

उनले पाठ्यक्रममा स्वस्थ खानपिन तथा मादकपदार्थविरुद्ध सचेतनाका विषय पनि समावेश गर्न सुझाव दिए । यसका लागि दुवै मन्त्रालयको संयुक्त समूह बनाउन मन्त्री पौडेलले गरेको प्रस्तावमा शिक्षामन्त्री भट्टराईले सकारात्मक प्रतिक्रिया जनाइन् । उनले दुवै मन्त्रालयबीच सहकार्यको प्रस्ताव सराहनीय रहेकाले थप गृहकार्य आवश्यक रहेको बताइन् ।


Government of Nepal (GoN)
**Ministry of Home Affairs**
**Department of Prison Management**
Kalikasthan, Kathmandu, Nepal

**Amendment Notice-1**

*(Amendment Date: 2025 January 09)*

This is to notify all the concerned bidders that the Technical Specification published in the bidding document in PPMO's e-GP system www.bolpatra.gov.np/egp of IFB no: DOPM/G/NCB/2081/082-01, as per notice published on 2024 December 24, in Himalaya Times has been amended as below.
**Amendments:** Dimension and weight (Criteria No: 11): For details visit www.bolpatra.gov.np/egp

**युएइमा रोजगार** — कम्पनी : AL AHLIYA SKY ON DEMAND LABORS SUPPLY

पूर्व स्वीकृति मिति : २०८१/०९/२१ | LT. No. 310319 | चलानी नं. ६०२२४८५७

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 21 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYWAYS BUREAU SERVICES PVT.LTD.
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67



**माइग्रेसन हरायो**

मिति २०८१/०८/१९ गतेका दिन कपन मिलनचोकदेखि फैकासम्म जाने क्रममा मेरो निम्न व्यहोराको NEB बाट जारी भएको माइग्रेसन सर्टिफिकेट हराएकाले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी अथवा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम: दिपक तामाङ**
**रजिस्ट्रेसन नं. ७२७७४५०३२**
**सिम्बोल नं. २७७०३४३४**
**सम्पर्क नं. ९८४२३८१२६१**

**एनएमबि बैंक लिमिटेड**
**बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मिति २०८१/०९/२५**

यस बैंकको निक्षेपकर्ता रिम बिहादुर शाहीको श्रीमती, विर बहादुर मल्लको छोरी, नवलपरासी जिल्ला, सुनवल नगरपालिका, वडा नं. ५ बस्ने, वर्ष ८४ को श्री भुमा कुमारी शाही (ना.प्र.प.नं. ८२६२ नवलपरासी, जारी मिति २०४७/१२/११) को मिति २०८१/०८/१७ मा निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि मृतककी जेठी बुहारी लक्ष्मी शाही ठकुरी र कान्छो छोरा भुवन शाहीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतककी जेठी बुहारी लक्ष्मी शाही ठकुरी र कान्छो छोरा भुवन शाहीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**माइग्रेसन हराएको सूचना**

मितिः २०८१/०८/२४ गते कोटेश्वरबाट बानेश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : समिक्षा भुसाल**
**रजिस्ट्रेसन.नं.: ८०५५२०१२०३०९**
**सिम्बोल.नं.: २५२०१७७८**
**सम्पर्कः ९७६३६०६६९१**

**नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना**
**(मिति २०८१/०९/२५)**

**महालक्ष्मी नगरपालिका वडा नं.८ साविक लामाटार गा.वि.स.९ ख. कित्ता नं. ११७०, ११६८ क्षेत्रफल १३५.१२ वर्ग मिटर जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि २०८१ असोज १३ मा महालक्ष्मी नगरपालिका वडा नं. ८ को कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर/ जग्गाको म्याद बारम्बार बुझाउन जादाँ सम्बन्धित तपसीलमा उल्लेखित संधियारहरूसंग सम्पर्क हुन नसकेकोले नक्सा पासको लागि १५ दिने सार्वजनिका सूचना जारी गरिएको छ ।**

**उल्लेखित कित्ता जग्गामा घर निर्माण हुदाँ तपाई साँधसंधियारहरूलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधि भित्र महालक्ष्मी नगरपालिकाको ८ नं. वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँधसंधियारको जानकारीको लागि सुचित गरिन्छ। म्याद भित्र कसैको कुनै प्रतिक्रिया दावी विरोध प्राप्त नभएमा नियमानुसर निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिश भईजाने व्यहोरा समेत जानकारी गराईन्छ ।**

**तपसिल**
पुर्व तर्फ : सानु राई.कि.नं.८५९
पुर्व तर्फ: कमला राई, कि.नं. १०५२,३८,९६५
पश्चिम तर्फ : झमक बहादुर मगर, कि.नं. ११६७,११७१
उत्तर तर्फ : दुर्गा देवी उपाध्याय, कि.नं. १२०७
दक्षिण तर्फ : शशि डंगोल, कि.नं.१०७२
महालक्ष्मी नगरपालिका
८ नं. वडा कार्यालय, लुभु, ललितपुर।

**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।०९।२२ गते भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं.२, बालकोटस्थित घर अगाडी पार्किङ गरिराखेको रातो, कालो रङ्को 150 cc Pulsar मोटरसाइकल साँझको ७:३० बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**नाम : ज्योति बचत तथा ऋण सहकारी लि.**
**बाइक नं.: बा.प्र. ०२-०५२ प ८८७३**
**च्यासिस नं.: MD2A11CX4RPD58171**
**इन्जिन नं. : DHXPRD72702**
**ठेगाना: भक्तपुर**
**सम्पर्कः ९८५१२११०५५**



**कनकाई नगरपालिका**
**कनकाई नगर हस्पिटल**
कनकाई नगरपालिका- ३, सुरुङ्गा, झापा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धमा**

**सूचना प्रकाशन भएको मिति २०८१।०९।२५**

यस कार्यालयबाट २०८१।०८।०९ गते (तदनुसार 24 November, 2024) को प्रभाव राष्ट्रिय दैनिक-मा नगर हस्पिटलको ल्याब केमिकल तथा ल्याब सामाग्री खरिदका लागि विधुतिय बोलपत्र आह्वान भए अनुसार प्राप्त बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रहरु न्यून मूल्यांकित भई सारभुत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि. नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | ल्याब केमिकल तथा ल्याब सामग्रीहरुको संख्या | कुल कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | Procurement of lab chemical and Reagents & related Items for Hospital supply. KANKAI/NCB/GOODS/ 4/2081-82 | श्री हेल्पिङ्ग हेन्ड पोलिक्लिनक प्रा.लि, काठमाडौं, नेपाल | ४ | रू. १,४९,५९३.७५।- <br> अक्षरेपी एक लाख उनन्पचास हजार पाँच सय त्रियानब्बे रुपैया पचहतर पैसा मात्र ।- |
| २ | | श्री केमिहव ट्रेडर्स बिर्तामोड, झापा | १२ | रू. १,१६,४०५।- <br> अक्षरेपी एक लाख सोह्र हजार चार सय पाँच रुपैंया मात्र ।- |
| ३ | | श्री इन्दु सर्जिकल एण्ड केमिकल सप्लायर्स, दमक | ४३ | रू. ९,२८,८१४।- <br> अक्षरेपी नौ लाख अट्ठाइस हजार आठ सय चौध रुपैंया मात्र ।- |
| ४ | | श्री एसियन ट्रेडर्स बिराटनगर, मोरङ्ग, नेपाल | ६ | रू. ७,६६,४५०।- <br> अक्षरेपी सात लाख छैसठी हजार चार सय पचास पैसा मात्र ।- |
| जम्मा | | | ६५ | रू. १९,६१,२६२.७५।- <br> अक्षरेपी उन्नाइस लाख एकसठी हजार दुई सय बैसठी रुपैया पचहतर पैसा मात्र ।- |

**बोधार्थ**
सम्पुर्ण Procurement of lab chemical and Reagents & related Items for Hospital supply. KANKAI/NCB/GOODS/4/2081-82 सँग सम्बन्धित बोलपत्र दाताहरु

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संविधान संशोधनमा ढिलाई नगरौं

**मिलिजुली सरकार गठनअघि नेपाली कांग्रेस र नेकपा एमालेले सत्ताको नेतृत्व हेरफेरबाहेक संविधान संशोधनलाई पनि मुख्य मुद्दा बनाएका थिए । यसै विषयमा कांग्रेस नेताहरू जोडतोडका साथ लागेको देखिन्थ्यो । संविधान लागू भएको नौ वर्ष बित्दा पनि जिल्ला प्रशासन कार्यालयबाटै जिल्लामा शासन हुनु, प्रदेशमा प्रहरी नपुग्दा यो संरचना नै घाँडोजस्तो देखिनुले संघीयतामाथि नै प्रश्न उठिरहेको छ ।**

**यही बेला धर्मनिरपेक्ष हटाउनुपर्ने हिन्दूवादीहरूको माग उठिरहेको छ भने अर्कोतर्फ राष्ट्रपतिलाई कार्यकारी अधिकार दिनुपर्ने विषय उत्तिकै जोडका साथ उठ्दै छ । विभिन्न पक्षले विभिन्न मुद्दा अघि सारे पनि अहिलेका प्रमुख माग हो निजामती कर्मचारी ऐन संशोधन गरी संघीयताअनुसार लानु र प्रदेशमा प्रहरी पठाउनु ।**

**तर यो विषयमा संघीय सरकार मुठी कसेर बसेको छ । विभिन्न बहसमा संघीय सरकारको पक्षपोषण गर्ने विज्ञहरूले पञ्चे शैलीमा जिल्ला प्रमुख जिल्ला अधिकारीकै मातहतमा चल्नुपर्ने तर्क पेस गर्दै आएको छ । जबकि स्थानीय सरकारमा धेरैजसो अधिकार गइसकेको छ । यस्तो अवस्थामा केही विज्ञहरूले प्रजिअलाई अधिकार दिनुपर्छ भनी मन्तव्य दिनु वकबास हो । संघीयतामाथि प्रश्न उठिरहेको बेला अञ्चलाधीश, विकास क्षेत्रमा भएका खर्चबारे भने विज्ञ भनिएका प्रशासनविद्हरूले प्रश्न गर्नै बिर्सेका छन् । अहिले प्रदेशमा मन्त्रीहरूको ताँती लाग्ने र पटक–पटक फेरिने सरकारका कारण पनि केही असन्तुष्टि बढ्दो छ ।**

**संविधान संशोधनको समयमा बरु यो विषयमा ख्याल गर्नुपर्दछ । प्रदेशमा मन्त्रीको संख्या मनपरि घटबढ गर्ने चलन छ अहिले । भागबण्डा पुर्‍याउने निहुँमा प्रदेशमा १४ जनासम्म मन्त्री पुर्‍याएको देखिन्छ । संघीयताविद्हरू प्रदेशमा सात जनासम्म मन्त्री भए हुने बताउँछन् । यतिमात्र हैन, अहिलेको अवस्थामा संघमासमेत मन्त्रीको संख्या घटाउनुपर्ने देखिन्छ । त्यसैले संविधान संशोधनको क्रममा बरू मन्त्रीको संख्या घटाउने, निजामती कानुन संशोधन गर्ने र प्रदेशमा प्रहरी पठाउने विषयमा अघि बढ्नै पर्छ ।**

**यस विषयमा पक्कै पनि सबै दलको सहमति हुन्छ नै । यदि यी विषयमा फरक मत राख्दै कुनै दलले अवरोध गरे उक्त दललाई जनताले निर्वाचनमार्फत दण्ड दिने छ नै । संघीयतालाई धरमरमा राख्ने सवालमा कुनै दल लाग्न हुन्न । नेताहरू केन्द्रिकृत मानसिकताबाट अब मुक्त हुनुको विकल्प छैन । संघीयतालाई सबल बनाउनेगरी संविधान संशोधन गर्न विलम्ब नगरियोस् ।**

## मननयोग्य

### चाणक्य नीति

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे । नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

# विपद्पश्चात्को पुनर्निर्माणमा ढिलाइ र अबको निकास



■ रामबहादुर केसी

> पछिल्लोपटक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा तयार भई राष्ट्रिय परिषद्मा पेस भएको पश्चिम नेपाल भूकम्प तथा २०८१ को मनसुनजन्य विपद्पश्चात्को पुनर्लाभ योजना यथाशीघ्र पारित गरी पुनर्निर्माण र पुनर्स्थापनाको कार्यलाई तीव्रता दिनु आवश्यक छ । प्राधिकरणको नेतृत्वमा सम्बन्धित गाउँ/नगरपालिकाहरूमा कार्यरत जनशक्तिको अधिकतम परिचालन गरी पुनर्निर्माण एवं पुनर्स्थापनाका बाँकी कार्यहरु यथाशीघ्र सुरू गरी सम्पन्न गर्नुपर्दछ ।

विपद् प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपजन्य घटना हो, जसले दैनिक जनजीवन छिन्नभिन्न हुने अवस्था सिर्जना गर्दछ र ठूलो धनजनको क्षति गराउँदछ । नेपाल बहुप्रकोपको दृष्टिकोणबाट अति संवेदनशील विपद् जोखिम क्षेत्रको रूपमा रहेको छ । नेपाल विश्वमा भूकम्पबाट ११औं अति जोखिम, बाढी र पहिरोबाट ३०औं अति जोखिम, जलवायु परिवर्तनबाट चौथो अति जोखिम र बहुप्रकोपबाट २०औं अति जोखिम मुलुकको रूपमा रहेको छ । वार्षिकरूपमा विपद्जन्य घटनाका कारण नेपालको कूल गार्हस्थ उत्पादन २.५ प्रतिशतसम्म नोक्सान हुने गरेको छ । नेपालमा विपद्जन्य घटनामा परी वार्षिक प्रतिलाखमा १.७ जना व्यक्तिको मृत्यु हुने गरेको छ भने प्रतिहजार घरपरिवारमा १७.१ घरपरिवार विपद्जन्य घटनाबाट प्रभावित हुने गरेको तथ्यांक छ ।

संविधानमा राज्यका नीतिअन्तर्गत प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोगसम्बन्धी नीतिमा जल उत्पन्न प्रकोप नियन्त्रण गर्ने, प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनःस्थापना गर्नेजस्ता नीतिगत व्यवस्था गरिएको छ । संविधानको अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार सूचीमा प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभसम्बन्धी अधिकारको व्यवस्था रहेको, संविधानको अनुसूची ८ मा विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकारको रूपमा व्यवस्था गरिएको र संविधानको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीअन्तर्गत पनि विपद् व्यवस्थापनको अधिकार समावेश गरिएको छ ।

१६औं आवधिक योजना (आव २०८१/८२-२०८५/८६) को समष्टीगत रणनीतिमा विकासका सबै क्षेत्र र आयाममा विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने रणनीति उल्लेख गरिएको छ । संरचनागत रूपान्तरणका प्रमुख क्षेत्रमा जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्रसहित विपद् उत्थानशीलताको विषय समेटिएका छन् । विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ मा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्यहरू, नीति, नीति कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्यांकनसम्बन्धी व्यवस्था गर्दै सोको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था गरेबमोजिम आवश्यक संरचना निर्माण गर्ने उल्लेख छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा विपद् व्यवस्थापनसम्बन्धी कार्यलाई प्रभावकारीरूपमा सञ्चालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, परिषद्बाट स्वीकृत नीति तथा योजनाको कार्यान्वयन गर्ने, गराउने कामसमेतका लागि गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समिति, आवश्यकतानुसार विशेषज्ञ समिति, विपद् व्यवस्थापनसम्बन्धी क्रियाकलापको प्रभावकारीरूपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिलगायतका संयन्त्रहरूको व्यवस्था गरिएको छ । विपद् व्यवस्थापनका लागि केन्द्रीय विपद् व्यवस्थापन कोष, प्रदेश विपद् व्यवस्थापन कोष र स्थानीय विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छ । यो ऐन कार्यान्वयन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को व्यवस्था रहेको छ भने दर्जनौं कार्यविधि, मापदण्ड एवं कार्ययोजनासमेत व्यवस्था गरिएका छन् ।

सेन्डाई कार्यढाँचा, २०१५-३० ले चारवटा प्राथमिकताका क्षेत्रहरू तोकी विपद् व्यवस्थापनमा समाजका सबै तहको सहभागितालाई सुनिश्चित गर्दै विपद् उत्थानशील समुदाय र राष्ट्रको विकास गर्ने लक्ष्य लिएको छ । नेपालले पनि विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचाको पक्षराष्ट्र भएकोले यसको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३० तयार गरेको छ ।

भू तथा जलाधार संरक्षण ऐन, २०३९ ले बाढी, पहिरो, भूक्षयजस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्नेसम्बन्धी कानुनी व्यवस्था गरेको छ । जलस्रोत ऐन, २०४९ मा जलस्रोतको उपयोग गर्दा भूक्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको काम, कर्तव्य र अधिकारभित्र विपद् व्यवस्थापनसम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा भवन ऐन-२०५५, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति-२०७२, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा-२०७० (पहिलो संशोधन, २०७५), विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन-२०६७ (संशोधन, २०७६), प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली-२०६३ लगायतका नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ । सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको ७० औं महासभाले सन् २०१६-३० सम्मका लागि १७ वटा दिगो विकास लक्ष्यहरू तय गरेकोमा नेपालले देशको समावेशी दीर्घकालीन विकासका लागि उक्त लक्ष्यहरूलाई आत्मसात् गरेको छ ।

२०७९ कात्तिक २३ गते डोटीको पूर्वीचौकी-३ को गैरागाउँ केन्द्रबिन्दु बनाएर गएको ६.६ रेक्टर स्केलको भूकम्पमा परी छ जनाको मृत्यु र आठ जना घाइते, २०८० असोज १६ गते बझाङको चैनपुर केन्द्रबिन्दु भएर गएको ६.३ रेक्टर स्केलको भूकम्पमा परी एक जनाको मृत्यु र १२ जना घाइते, २०८० कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको ६.४ रेक्टर स्केलको भूकम्पमा परी १५४ जनाको मृत्यु र २०८१ सालको मनसुनजन्य विपद्मा परी ४९५ जनाको मृत्यु र ६६ जना बेपत्ता भएका थिए भने करिब एक लाख १५ हजार निजी आवास क्षतिग्रस्त भएका थिए ।

माथि उल्लिखित विपद्जन्य घटनाका पीडितलाई अस्थायी आवास निर्माणका लागि अधिकांश पालिकामा पहिलो किस्ता र आंशिक पालिकाहरूमा दोस्रो किस्ताको रकम पठाउनेबाहेक विपद्पछिको पुनर्निर्माण र पुनर्स्थापनाको कार्यले अपेक्षित गति लिन सकेको छैन ।

देश संघीय संरचनामा रूपान्तरित भइसकेको सन्दर्भमा अहिले पनि केन्द्रीकृत सोच र प्रवृत्तिमा काम गर्न खोज्नु, आफूले पनि काम नगर्ने, अरुले गरेको काममा पनि विश्वास नगर्ने संस्कार हाबी हुनु, विगतका विपद्जन्य घटनाबाट पाठ सिकी पूर्वअग्रसरताका साथ काम गर्नुपर्नेमा प्रतिक्रियात्मक तरिकाले काम गर्ने पुरानै प्रवृत्तिमा सुधार नहुनु, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पुनर्निर्माणका लागि विपद् समर्पित जनशक्ति नहुनु वा भएको जनशक्ति पनि परिचालन गर्न नसक्नुलगायत समस्याका कारण विपद्पश्चात्को पुनर्निर्माण र पुनर्स्थापना कार्यले गति लिन सकेन ।

यसैगरी लगानी, पूर्वाधार, जनशक्ति, क्षमता र प्रविधिले सुसज्जित स्वायत्त निकायको रूपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण रूपान्तरित हुन नसक्नु पनि समस्या देखिन्छ । विस्तृत क्षति आँकलन (डिडिए) गर्ने अनेक विकल्प (सबैभन्दा उपयुक्त विकल्प सम्बन्धित स्थानीय तहले गर्ने र प्राधिकरण/प्रदेश सरकारले प्राविधिक र आर्थिक सहयोग तथा सहजीकरण गर्ने) छन् । समयमै डिडिए गर्न सकिने सम्भावना भए पनि त्यसतर्फ ध्यान नदिइएको कारण वास्तविक क्षति र लाभग्राही नै पहिचान हुन नसक्नु, पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि आवश्यक बजेट व्यवस्थापनमा विलम्ब हुनु, सबैले छिटो गर्नुपर्छ भन्ने तर कुनैपनि निकाय संकटमोचन हनुमान बन्न नसक्नुले पनि पुनर्निर्माण र पुनर्स्थापना कार्यका जटिलता देखिएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट कार्यकारी परिषद्मा प्रस्तावित पश्चिम नेपाल भूकम्प तथा २०८१ सालको मनसुनजन्य विपद्पश्चात्को पुनर्लाभ योजना, २०८१/८२-२०८३/८४ मा उल्लेख भएअनुसार डोटी, बझाङ र जाजरकोटको भूकम्प तथा २०८१ को मनसुनजन्य विपद्बाट भएको क्षतिको पुनर्निर्माण एवं पुनर्स्थापना गर्न करिब ३९ अर्ब ५७ करोड रूपैयाँ लाग्ने देखिएको छ ।

पुनर्निर्माणका लागि निजी आवासबाहेक सडक पुल तथा यातायात, सरकारी भवन तथा सहरी पूर्वाधार, ऊर्जा, जलस्रोत तथा सिँचाइ, शिक्षा, कृषि तथा पशुपालन, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ तथा स्वच्छता, सांस्कृतिक तथा पुरतात्त्विक सम्पदा, रोजगारी तथा जीविकोपार्जन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक संरक्षणजस्ता पुनर्लाभका क्षेत्रहरू पहिचान गरिएका छन् । निजी आवास पुनर्लाभका कार्यहरू प्राधिकरणको नेतृत्वमा स्थानीय तहहरूमार्फत कार्यान्वयन गरिने र अन्य पुनर्लाभका क्षेत्रहरूमा उल्लिखित क्रियाकलापको कार्यान्वयन संविधानमा उल्लिखित कार्यक्षेत्रअनुसार तत्तत् निकायबाट हुने व्यवस्था गरिएको छ ।

हालै मन्त्रिपरिषद्बाट पारित विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ मा सबै प्रकारका सहायता स्थानीय विपद् व्यवस्थापन कोषमार्फत परिचालन गर्ने, स्थानीय तहले कुनै पनि विपद्पश्चात् स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयका आधारमा विपद्का घटना भएको ३० दिनभित्र विस्तृत क्षति तथा आवश्यकता लेखाजोखा गरिसक्नुपर्ने र उक्त कार्य स्थानीय तहले स्थानीय संघसंस्था वा करार सेवाबाट सम्पादन गराउन सक्ने एवं राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राविधिक सहायता लिनसक्ने व्यवस्था गरेको छ ।

प्राधिकरण कार्यकारी समितिबाट यही पुस २१ मा पारित विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ (पहिलो संशोधन, २०८१) मा विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि देहायका प्रमुख व्यवस्थाहरू गरेको छ ।

१) **प्रारम्भिक लेखाजोखा:** स्थानीय तहले आफ्नो क्षेत्रभित्र विपद्बाट क्षति पुगेको निजी आवासको क्षति तथा नोक्सानीको प्रारम्भिक लेखाजोखा गर्ने ।

२) **विपद् प्रभावित निजी आवासको विस्तृत क्षति आँकलन:** प्रारम्भिक लेखाजोखा तयार गरेपश्चात् विपद्बाट क्षति भएका निजी आवासको विस्तृत अध्ययन गर्नुपर्ने देखिएमा सम्बन्धित विषयका विज्ञ प्राविधिकबाट सम्बन्धित स्थानीय तहले विपद् प्रभावित निजी आवासको विस्तृत क्षति आँकलन गर्नुपर्ने र ठूलो संख्यामा क्षति भई मूल्यांकन गर्नुपर्ने भएमा स्थानीय तहको अनुरोधमा प्रदेश सरकार वा प्राधिकरणबाट विस्तृत क्षति आँकलन गर्नुपर्ने एवं प्रबलीकरण वा पुनर्निर्माण वा पुनर्स्थापनासम्बन्धी कार्यक्रम सञ्चालन क्षतिको स्तरको आधारमा गर्नुपर्ने ।

३) **लाभग्राही पहिचान र कायम:** स्थानीय विपद् व्यवस्थापन समितिले तोकिएका आधारमा लाभग्राहीको पहिचान गरी सूचीसहितको विवरण एक परिवारबाट एकभन्दा बढी लाभग्राही नपर्नेगरी जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउनुपर्ने र जिल्ला विपद् व्यवस्थापन समितिले प्राप्त विवरणको अध्ययन र विश्लेषण गरी प्रबलीकरण, पुनर्निर्माण र पुनर्स्थापना गरी तीन भागमा वर्गीकरण गरी लाभग्राही कायम गर्ने । जिल्ला विपद् व्यवस्थापन समितिबाट कायम भएका लाभग्राहीको विवरण सम्बन्धित स्थानीय तहले सार्वजनिक गर्नुपर्ने ।

४) **साझेदारीमा अनुदान उपलब्ध गराउने:** भूकम्पपछिको प्रबलीकरण, पुनर्निर्माण र पुनर्स्थापनाबाहेक अनुदान प्रयोजनका लागि आवश्यक वित्तीय प्रबन्ध नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ मा व्यवस्था भएबमोजिम तीनै तहका सरकारको लागत साझेदारीमा उपलब्ध गराइने ।

५) **अनुदान सम्झौता:** सम्बन्धित वडाध्यक्षले वडा कार्यालयमा प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाका लागि सूचीकृत लाभग्राहीसँग तोकिएको ढाँचामा अनुदान सम्झौता गरी प्राधिकरणले निर्माण गरेको सूचना प्रणालीमा अभिलेखीकरण गर्नुपर्ने र सम्झौताको आधारमा स्थानीय विपद् व्यवस्थापन समितिले पहिलो किस्ताबापतको रकम लाभग्राहीको खातामा निजले भुक्तानी पाउने गरी रकम निकासा गर्नुपर्ने ।

६) **अनुदान रकम:** निजी आवास प्रबलीकरणका लागि क्षतिको स्तर २ मा परेका लाभग्राहीलाई ५० हजार रूपैयाँ र क्षतिको स्तर ३ मा परेका लाभग्राहीलाई एक लाख रूपैयाँ दुई किस्तामा, निजी आवास पुनर्निर्माण वा पुनर्स्थापनाका लाभग्राहीले 'क' समूहमा परेका जिल्लाका लागि पाँच लाख रूपैयाँ, 'ख' समूहमा परेका जिल्लाका लागि चार लाख र 'ग' समूहमा परेका जिल्लाका लागि तीन लाख रूपैयाँ तीन किस्तामा विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ बमोजिम बैंक तथा वित्तीय संस्थामार्फत प्राप्त गर्ने । स्थानीय तहले पहिचान गरेका अति विपन्न र संकटासन्न (आफैंले आवास निर्माण गर्न नसक्ने) घरपरिवारलाई अनुदान रकममा ५० हजार रूपैयाँ थप गरी स्थानीय तहले प्रदान गर्न सक्ने ।

७) **जोखिमयुक्त बस्ती स्थानान्तरण:** लाभग्राहीको क्षतिग्रस्त निजी आवास रहेको बस्ती जोखिममा पर्न गएको कारणले बस्ती स्थानान्तरण गर्नुपर्ने भनी प्राविधिक अध्ययनबाट देखिएमा स्थानान्तरण गर्नका लागि उपयुक्त स्थानको विकल्पसहित थप भौगर्भिक अध्ययनका लागि स्थानीय तहबाट प्राधिकरणमा लेखी पठाउनुपर्ने र कार्यकारी समितिले जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्ने भनी निर्णय गरेको अवस्थामा उक्त बस्तीका पुनर्स्थापनाका लाभग्राही हुन योग्य घरपरिवारलाई पुनर्स्थापनाको लाभग्राहीमा सूचीकृत गरी सोहीबमोजिमको अनुदान उपलब्ध गराइने ।

८) **दोहोरो अनुदान नपाउने:** कुनै संघसंस्थाको सहयोगमा निजी आवास प्रबलीकरण वा पुनर्निर्माण वा पुनर्स्थापना गर्न अनुदान पाएको लाभग्राहीलाई निजी आवास अनुदान उपलब्ध नगराइने ।

९) **असुलउपर गर्नुपर्ने:** लाभान्वित हुन झूठा विवरण पेस गरेमा वा झूठा सिफारिस गरेको पाइएमा वा सम्झौताबमोजिम काम नगरेमा निजसँग निजी आवास अनुदान सम्झौता भइसकेको रहेछ भने त्यस्तो सम्झौता रद्द तथा अनुदान लिएको भए सो रकम सरकारी बाँकीसरह सम्बन्धित स्थानीय तहले असुलउपर गरी प्रचलित कानुनबमोजिम कारबाही हुने ।

१०) **समयमै कार्य सम्पन्न गर्नुपर्ने:** लाभग्राहीले अनुदान सम्झौता गरेको मितिले सामान्यतया दुई वर्षभित्र सम्झौताबमोजिमको निर्माण कार्य सम्पन्न गर्नुपर्ने ।

११) **प्रतिवेदन:** लाभग्राहीको निजी आवासको प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना, घडेरी खरिद अनुदान शीर्षकमा भएको निकासा र खर्चको विवरणसहितको वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तहले तयार गरी जिल्ला प्रशासन कार्यालयमा पठाउनुपर्ने र जिल्ला प्रशासन कार्यालयले एकीकृत प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकारको मन्त्रालय र प्राधिकरणमा पठाउनुपर्ने र सो विषयमा सरोकारवालाको सहभागितामा सम्बन्धित स्थानीय तहले सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गरी सोको प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा पठाउनुपर्ने ।

अहिलेको प्रमुख सवाल समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणालाई कसरी व्यवहारमा लागू गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन चक्रका सबै चरणमा समुदायको सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चित गरी विपद्बाट हुने सबै किसिमका क्षति न्यूनीकरण गर्दै विपद् उत्थानशील नेपाल निर्माण गर्ने भन्ने नै हो । विपद्पूर्व, विपद् अवधिभर तथा विपद्पछिको समयमा सक्रिय समुदायिक सहभागिताले विपद्बाट हुने समग्र मृत्युदरमा उल्लेख्य कमी ल्याउनुका साथै स्रोत साधनको प्रयोगमासमेत सुधार ल्याएका प्रमाणहरूले देखाउँछन् । यदि कुनै समुदाय विपद् आउनुभन्दा अघि पूर्ण तयारीमा रहेको खण्डमा विपद्को प्रभावमा कमी आई उल्लेख्यरूपमा घाइते तथा मृत्यु हुनेको संख्या, पूर्वाधार विनाश, धनजनको क्षतिमा कमी आउने, यदि समुदाय स्वयं बाहिरबाट आउने सहयोगमा भर नपरी सक्रिय र पूर्णरूपमा संगठित भई सक्षम हुने हो भने अधिकांश विपद्बाट सिर्जित तथा सिर्जना हुनसक्ने स्वास्थ्य तथा जीवन निर्वाहसम्बन्धी समस्याहरू समुदायले नै समाधान गर्न सक्छ । समुदायद्वारा के स्वीकार गरिन्छ भन्ने कुरा समुदायलाई के आवश्यक छ भन्ने कुराभन्दा महत्त्वपूर्ण हुन्छ ।

पछिल्लोपटक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा तयार भई राष्ट्रिय परिषद्मा पेस भएको पश्चिम नेपाल भूकम्प तथा २०८१ को मनसुनजन्य विपद्पश्चात्को पुनर्लाभ योजना यथाशीघ्र पारित गरी पुनर्निर्माण र पुनर्स्थापनाको कार्यलाई तीव्रता दिनु आवश्यक छ । विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ मा उल्लिखित प्रावधानको आधारमा प्राधिकरणको नेतृत्वमा सम्बन्धित गाउँ/नगरपालिकाहरूमा कार्यरत जनशक्तिको अधिकतम परिचालन गरी पुनर्निर्माण एवं पुनर्स्थापनाका बाँकी कार्यहरू यथाशीघ्र सुरु गरी सम्पन्न गर्नुपर्दछ ।

*(लेखक केसी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा उपसचिव हुन्)*



**बुटवलमा लागेको बाक्लो हुस्सु** | बुटवलको अस्पताल लाइनमा बुधबार लागेको बाक्लो हुस्सु । यहाँ केही दिनदेखि बढेको चिसो र तुसारोका कारण जनजीवन प्रभावित बनेको छ ।

*तस्बिरः सुमित्रा चापागाईं/रासस*

# सडक सञ्जाल विस्तार भएसँगै कप्रुडाँडा पर्यटकीय गन्तव्य बन्दै




■ **वासुदेव पौडेल**

**गण्डकी–** कास्कीको मादी गाउँपालिका-२ स्थित कप्रुडाँडाको पर्यटकीय सम्भावनालाई अध्ययन गरी पाँच वर्षअघि सडक सञ्जाल विस्तार भएसँगै पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको छ । नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालय र मादी गाउँपालिकाको सहकार्यमा पर्यटकीय सम्भावनाको अध्ययन गरी कप्रुडाँडालाई आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्यका रूपमा विकास गर्न थालिएको हो ।

दश वर्षअघिसम्म कप्रुडाँडा भैंडीगोठ र गाईभैंसीको चरन क्षेत्र थियो । गोठालाहरूले पशुवस्तु लिएर जाने स्थल अहिले आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको स्थानीय बताउँछन् । पर्यटकीय सम्भावना र चुनौतीबारे अध्ययन गरी पर्यटक लक्षित सुविधासम्पन्न सडक, होटललगायत पूर्वाधार विकास गरेसँग यहाँ पुग्ने पर्यटकको संख्या बढ्दै गएको कप्रुडाँडास्थित होटल मिडनाइट क्याम्परर्सका सञ्चालक हिमाल गुरुङले बताए ।

'वरपर ढपक्क ढाकिएका गुराँसे जंगलको बीचमा खुला भूभाग, यहाँबाट सूर्योदय र सूर्यास्तको मनमोहक दृश्यसँगै मनास्लु हिमाल, अन्नपूर्ण दोस्रो, तेस्रो र चौथो, अन्नपूर्ण साउथ, माछापुच्छ्रे, मर्दी, बुद्ध, हर्क गुरुङलगायत हिमालको दृश्य एकसाथ नियाल्न सकिन्छ । यो ठाउँ पछिल्लो पाँच वर्षको अन्तरालमा स्वदेशी तथा विदेशी पर्यटकको आकर्षक गन्तव्य बनेको छ,' उनले भने ।

यहाँको पर्यटकीय सम्भावनालाई दृष्टिगत गरी पाँच वर्षअघि बाटो पुगेको थियो । महामारीले दुई वर्ष पर्यटकीय गतिविधि प्रभावित भए पनि त्यसयता आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दै गएको होटल सञ्चालक हिमाल गुरुङले उल्लेख गरे । 'यहाँ धेरै वर्षअघि गोठ थिए, अहिले गोठ पनि छैनन्,' उनले भने, 'यो पुरातात्त्विक ठाउँ पनि हो । क्होलोसोथारमा घले राजाको राज हुँदा कर उठाउन राजाले आफ्ना दूतलाई कप्रुडाँडासम्म पठाउँथे भन्ने इतिहास रहेको ज्येष्ठ नागरिकहरू बताउँछन् ।'

स्थानीयका अनुसार गाउँको सिरानस्थित गोलो आकारको समथर भूभाग यस ठाउँमा पहिलेपहिले गाउँलेहरू गाईभैंसी चराउन आउँथे । 'गाउँलेहरू घाँसदाउरा गरेर साँझमात्र घर फर्कन्थे । त्यसैले यो ठाउँ यहाँको परम्परागत जनजीविकासँग पनि जोडिएको छ । यहाँबाट करिब १० घण्टाको पैदलयात्रामा गुरुङ जातिको उद्गमस्थल क्होलासोथार पुग्न सकिन्छ,' यहाँका पर्यटन व्यवसायी भुपाल गुरुङले भने ।

पर्यटन व्यवसायी गुरुङका अनुसार कोरोना महामारीमा सामाजिक सञ्जालसहित अन्य माध्यमबाट प्रचारप्रसारका गतिविधि गरिएसँगै अहिले दैनिक १०० देखि १५० जनासम्म पर्यटक यहाँ पुग्ने गरेका छन् । वरपर जंगलैजंगलले घेरिएकाले विभिन्न प्रजातिका चराचुरुंगीका साथै रमणीय दृश्य, सुन्दर हिमालहरू अवलोकन गर्न पर्यटक आउने गरेका उनले जानकारी दिए ।

पदयात्रा र हाइकिङ रुचाउने पर्यटकहरू कास्कीको पर्यटकीय गुरुङ गाउँ ताङतिङबाट करिब चारदेखि छ घण्टाको पदयात्रा गरेर कप्रुडाँडा पुग्छन् । पछिल्लो समय यहाँ पुग्ने मोटरबाटो बनेपछि कतिपय निजी सवारीसाधन लिएर यहाँ आउने गरेका पर्यटन व्यवसायी गुरुङले बताए । पोखराका साथै काठमाडौं, भक्तपुर, बुटवललगायत स्थानबाट पनि हिमाल हेर्न आन्तरिक पर्यटक यहाँ आउने गरेका उनले उल्लेख गरे ।

यस वर्षको क्रिसमस (पुस १० गते) बुटवलबाट १० जना युवा मोटरसाइकल लिएर यहाँ आएका थिए । यसअघि सामाजिक सञ्जालबाट जानकारी पाएको बताउँदै यहाँ आएपछि देखिएका हिमाली दृश्य, मनमोहक प्राकृतिक सुन्दरता, स्थानीय परिकारका स्वादसहितका खानालगायतले थप प्रभावित बनाएको युवा सुमन थापाले उल्लेख गरे ।

'मोटरसाइकलबाट आउन सकिने कप्रुडाँडा हिमाल हेर्न, गुरुङ सम्पदा र रहनसहन बुझ्न, वातावरणीय सुन्दरता नियाल्न उत्कृष्ट गन्तव्य रहेछ,' अनुभव सुनाउँदै उनले भने, 'यस्ता ठाउँहरूको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धनतर्फ सरोकार भएका निकाय र राज्यले ध्यान दिनु आवश्यक छ । यसले मुलुकको पर्यटन प्रवर्द्धन हुनुका साथै आर्थिक समृद्धि प्राप्त गर्न सकिन्छ ।'

विशेषतः केही वर्षयता हिउँ परेका समयमा पोखरा र आसपासका क्षेत्रबाट यहाँ आउने आन्तरिक पर्यटकको घुइँचो लाग्ने होटल व्यवसायी बताउँछन् । हिउँ परेपछि डाँडाका होटलदेखि तल रहेको ताङतिङ गाउँमा पनि पर्यटकको घुइँचो अत्यधिक हुने होटल मिडनाइट क्याम्परर्सका सञ्चालक गुरुङले जानकारी दिए । 'हिउँ परेको समयमा ताङतिङ वा कप्रुमा बास बसेर भोलिपल्ट दिनभर हिउँ खेली पर्यटकहरू फर्कने गर्दछन्,' उनले भने ।

पर्यटकको आगमन बढ्न थालेपछि कप्रुडाँडामा चारवटा सुविधासम्पन्न होटल सञ्चालनमा ल्याइएको पर्यटन व्यवसायी गुरुङले जानकारी दिए । उनका अनुसार यहाँ आएका पर्यटकलाई बेलुकाको चिया मकै, खाना, सुत्ने टेन्टको व्यवस्थासँगै भोलिपल्ट बिहानको खाजा, चियासमेत गरी एक हजार ५०० रूपैयाँको प्याकेज निर्धारण गरिएको छ ।

समुद्री सतहबाट दुई हजार ९०० मिटर उचाइमा रहेको कप्रुडाँडालाई गुरुङ पर्यटन व्यवसायी संघ गण्डकी प्रदेशले गुरुङ सम्पदा पदमार्गअन्तर्गत समेट्दै यसको प्रवर्द्धनमा जोड दिएको संघका संस्थापक अध्यक्ष बोबरजंग गुरुङले बताए । पदयात्रा मार्गअन्तर्गत यही पुसको दोस्रो साता सिक्लेसबाट कपुचे-कोरी-ठूलोलेक-क्होलासोथार हुँदै कप्रुडाँडा र त्यहाँबाट याङ्जाकोटसम्मको प्रवर्द्धनात्मक पदयात्रा सम्पन्न गरिएको उनले जानकारी दिए ।

संघका अध्यक्ष गुरुङका अनुसार क्होलासोथार पुगेका पदयात्रीहरू त्यहाँबाट करिब चार घण्टा हिँडेर पुगिने तप्रामा बिहानको खाना खाएपछि थप पाँच घण्टा डाँडैडाँडा, पहाड, जंगल र हिमाल हेर्दै कप्रुडाँडा पुग्दछन् । गुराँसे जंगल, रंगीवीरंगी फूल, चराचुरुंगीको आवाजसँगै हिमालको दृश्यावलोकन गर्दै पदयात्रा गर्नु यहाँको विशेषता रहेको उनले बताए । भैंडीगोठ, नुन लिन जाने मार्ग, बस्तीसँगको परम्परागत सम्बन्धलगायत कारणले कप्रुडाँडालाई गुरुङ सम्पदा पदमार्गका रूपमा प्रवर्द्धन र विकास गर्न खोजिएको गुरुङ पर्यटन व्यवसायी संघ गण्डकी प्रदेशकी अध्यक्ष किशमकुमारी गुरुङले बताइन् ।

पछिल्ला समय जथाभावी बाटो खन्ने नाममा विभिन्न पदमार्गहरू छोटिएको अवस्थामा कप्रु र आसपासका क्षेत्रलाई गुरुङ सम्पदा पदमार्गसँग जोड्दै यी स्थलहरूको प्रवर्द्धन र विकासलाई संघले प्राथमिकतामा राखी विविध गतिविधि गर्दै आएको अध्यक्ष गुरुङले जानकारी दिइन् । संघको यस काममा स्थानीय, प्रदेश र संघीय सरकारका साथै सरोकार भएका सबैले सहयोग र समन्वय गर्नुपर्नेमा उनले जोड दिइन् । *रासस*

# राप्तीमा ४१ गोही छोडियो

**चितवन (प्रस)–** चितवन राष्ट्रिय निकुञ्जले घडियाल गोही प्रजनन केन्द्रमा हुर्काइएका ४१ वटा गोही राप्ती नदीमा छोडेको छ । गत साउनयता तीनपटक गरेर एक भालेसहित ४१ वटा गोही नदीमा छोडिएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार यो वर्ष थप ६० वटा गोही प्राकृतिक बासस्थानमा छोड्ने योजना रहेको छ । गत आवमा १०५ गोही नदीमा छोडिएको भन्दै नदी किनारबाट गोहीका अण्डा संकलन गरेर प्रजनन केन्द्रमा कोरल्ने र त्यहाँ हुर्किएका बच्चालाई नदीमा छोड्ने गरिएको उनले जानकारी दिए ।

हालसम्म राप्ती, नारायणीसहित देशका विभिन्न नदीमा एक हजार ९ ९८ गोही छोडिसकिएको निकुञ्जका सूचना अधिकारी थापामगरले उल्लेख गरे । ती गोही बच्ने दररेट निकै न्यून छ । थापामगरले गत वर्ष गरिएको सर्वेक्षणमा राप्तीमा १५२ र नारायणी १०३ गोही भेटिएका जानकारी दिए । हाल प्रजनन केन्द्रमा ७५९ वटा गोही छन् । तीमध्ये १९५ भुरा, ४३२ किशोर अवस्थाका, १०० अर्धवयस्क र ३२ वटा वयस्क रहेका छन् ।

घडियाल गोही संकटापन्न अवस्थामा पुगेको सरीसृप प्राणी हो । विगतमा पाकिस्तान, बंगलादेश, भुटान, म्यानमारलगायत देशमा पाइने घडियाल अहिले नेपाल र भारतमा मात्रै पाइन्छन् । सन् १९४० को दशकमा यसको संख्या विश्वमा १० हजार जति थियो भने सन् १९७० मा त्यसको दुई प्रतिशतमात्र संख्या अस्तित्वमा रहेको पाइएपछि संरक्षणमा चासो बढेको संरक्षणकर्मी बताउँछन् ।

चितवन राष्ट्रिय निकुञ्ज स्थापना भएपछि सन् १९७५ मा कसरामा घडियाल प्रजनन केन्द्र स्थापना गरिएको थियो । त्यतिखेर देशभरमा १०० भन्दा कम संख्यामा घडियाल गोही रहेको अनुमान गरिएको थियो । नदीमा बढ्दो मानवीय चहलपहल, नदीजन्य पदार्थ उत्खनन, प्रदूषण, मानिसले माछा मार्नेलगायत गतिविधिका कारण गोही प्राकृतिक बासस्थानमा असुरक्षित बनिरहेको थापामगरले बताए । नदीहरूमा बाढी आउँदा गोहीहरू बगेर सीमापारि पुग्ने समस्या रहेको उनको भनाइ छ ।

# डडेलधुराको आलितालमा ४८ प्रजातिका जलपन्छी

**कञ्चनपुर–** डडेलधुराको आलिताल गाउँपालिका-३ स्थित आलितालमा पहिलोपटक जलपन्छी गणना गरिएको छ । नेपाल पन्छी संरक्षण संघ (बिसिएन)का चराविज्ञ हिरूलाल डगौरासहितको गणकहरूले डिभिजन वन कार्यालय डडेलधुराको समन्वयमा ताल क्षेत्रमा जलपन्छी गणना गरेका हुन् ।

ताल क्षेत्रमा ४८ प्रजातिका जलपन्छी देखापरेको चराविज्ञ डगौराले बताए । उनका अनुसार तालमा मुख्यगरी ठूलो जलेवा, सानो जलेवा, डुबुल्की हाँस, खडखडे हाँस, विश्वमै दुर्लभ मालक हाँसलगायत चराहरू देखिएका छन् । ताल आसपासमा चराहरूको अध्ययन बाँकी रहेको उनले बताए ।

'पहिलोपटक ताल क्षेत्रमा जलपन्छी गणना गरेका छौं,' डगौराले भने, 'रैथाने र आगन्तुक जलपन्छीबारे अध्ययन सुरु गरेका छौं ।' ताल क्षेत्रमा एक वर्षसम्म अध्ययन र अवलोकनपश्चात् ताल क्षेत्रमा कुन प्रजातिका कति चराहरू रहेको भन्नेबारे जानकारी हुने उनले उल्लेख गरे । हाल ताल क्षेत्र र वरिपरिका चराको मात्रै अभिलेख राखिएको उनको भनाइ छ ।

आलिताल समुद्री सतहबाट ८०० मिटर उचाइमा छ । यस तालको लम्बाइ एक हजार १७५ मिटर र चौडाइ करिब ४०० मिटर रहेको छ । यहाँ चरा संरक्षण गर्न गाउँपालिकाले एकजना हेरालुको व्यवस्था गरेको छ । चरा अवलोकन गर्न र तालको सौन्दर्य अवलोकन गर्न पर्यटक यहाँ आउने गरेका छन् ।

नेपाल पन्छी संरक्षण संघ (बिसिएन) का गणकहरूले कैलालीको धनगढी उपमहानगरपालिका-७ स्थित जाखोर तालसँगै महादेवा तालमा पनि जलपन्छी गणना गरेका छन् । तालमा कैले टाउके हाँस, मालक हाँस, सिजुरी, सुनगजुरेलगायत चराका बथान देखिएको उनको भनाइ छ ।

घोडाघोडी नकरोडताल, रखौना, सोनियाँ रुपियाँ, घोरताल, पुरैना, जम्नेहटा, चम्रहिया, कोइलही ताल र कर्णाली जलाधार क्षेत्रमा जलपन्छी गणना गरिने बताइएको छ । अन्य ताल तलैया र नदीमा जलपन्छी गणना भइरहेको छ । कञ्चनपुरको पुरैनी तालमा ५५ प्रजातिका जलपन्छी भेटिएका छन् ।

उत्तरी ध्रुव रुस, चीन, मंगोलियालगायत अत्यधिक चिसो हुने क्षेत्रहरूबाट हजारौंको संख्यामा चरा जाडो छल्न अनुकूल वातावरण र प्रचुर मात्रामा खानेकुराको खोजीमा यहाँका विभिन्न तालतलैया, नदी र वनजंगल क्षेत्रमा आउने गर्दछन् । *रासस*

# चिसो बढेपछि महोत्तरीका विद्यालय बन्द

**महोत्तरी (प्रस)–** विगत तीन दिनदेखि एक्कासि जाडो बढेपछि जिल्लाका पाँचवटा पालिकाले आफ्नो नगरभित्रका विद्यालय बन्द गरेका छन् । सदरमुकाम रहेको जलेश्वर र मनरासिस्वा नगरपालिका तथा पिपरा, सोनमा र एकडारा गाउँपालिकाले जाडोका कारण पठनपाठन सञ्चालन गर्न असहज भएको भन्दै बुधबारदेखि लागू हुनेगरी एक साताका लागि नगरभित्रका विद्यालय बन्द गरेका हुन् ।

जलेश्वर, मनरासिस्वा, सोनमा र पिपरा गाउँपालिकाले बुधबारदेखि लागू हुनेगरी पुस २९ गतेसम्मका लागि विद्यालय बन्द गरेका छन् भने एकडारा गाउँपालिकाले आगामी माघ १ गतेसम्मका लागि विद्यालय बन्द गरेको विज्ञप्तिमार्फत जनाएका छन् ।

साना बालबालिका अत्यधिक जाडोका कारण प्रभावित हुन थालेपछि १० नगरपालिका र पाँच गाउँपालिका रहेका महोत्तरीका पाँचवटा पालिकाले बर्खे बिदाबाट कट्टा हुनेगरी जाडो बिदा दिँदै नगरभित्रका विद्यालयमा पठनपाठन बन्द भएको जनाएका छन् । तराई मधेसमा विगत दुई-तीन दिनदेखि एक्कासि शीतलहर र चिसो हावा चल्न थालेपछि कठ्यांग्रिदो र असहनीय जाडो भएर जनजीवन प्रभावित बनेको छ । असहनीय जाडोका कारण स-साना बालबालिका र वृद्धवृद्धा बढी प्रभावित भएका जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

**कुवेतमा रोजगार** कम्पनी : Crystal House General Trading Co/Meshaal al Shatti & Partners

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316734 | चलानी नं. ६०२३१०६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commi Chef | ३ | ३ | 150 | ६७,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Runners | ५ | ४ | 120 | ५३,६७५ | | | | | | | |
| 3 | steward (steward/stewardess restaurant) | ० | ६ | 110 | ४९,२०० | | | | | | | |
| 4 | Tailor Driver | ३ | ० | 200 | ८९,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897, 5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**साउदीमा रोजगार** कम्पनी : FARID BUSINESS CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/०८/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 313893 | चलानी नं. ६०२२८३०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Lobor (Male) | 20 | 0 | 1000 | ३६,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम इजाजत नं. ५०१/०६१/०६२

**कुवेतमा रोजगार** कम्पनी : ALGHADEER CLEAN COMPANY FOR GENERAL BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316844 | चलानी नं. ६०२३१०५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Female | 0 | 3 | 120 | ५३,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
Govt. License No. 1345/074/075
Al Amal Overseas Pvt. Ltd.
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com, Website : alamaloverseas.com

**युएइमा रोजगार** कम्पनी : ELITE BRIGHT CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०१/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 285785 | चलानी नं. ६०२०१३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Data Entry Clerk | 1 | 0 | 900 | ३३,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
Govt. Lic. No. 816/065/066
IMPERIAL OVERSEAS PVT. LTD.
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

**साउदीमा रोजगार** कम्पनी : NOJOOM CAR COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316764 | चलानी नं. ६०२३०९६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३६,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः Head Office, Kathmandu, मा मितिः २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
KINGFISHER OVERSEAS PVT.LTD
श्रम इजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu, Nepal, Contact no.:+977-014112437/014112160
Email: kingfisheroverseasnepal@gmail.com

**कुवेतमा रोजगार** कम्पनी : ADAM'S CAR POLISHING AND PROTECTION CO.

पूर्व स्वीकृति मिति : २०८०/११/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 300917 | चलानी नं. ६०२१५८३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Helper/labouer | 4 | 0 | 120 | ५३,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np

प्रभाव दैनिक
रूपशाला

## अभिनेत्री पूनम ढिल्लोंको घरमा चोरी

बलिउड अभिनेत्री पूनम ढिल्लोंको घरमा चोरी भएको छ । चोरीमा संलग्न एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । प्रहरीका अनुसार अभिनेत्री ढिल्लोंको घरमा चोरीको आरोपमा समीर अन्सारी पक्राउ परेका हुन् । मुम्बईको खारस्थित घरमा चोरी भएको बताइएको छ । ढिल्लोंको घरबाट एक लखा रूपैयाँको नेकलेस र नगद ३५ हजार रूपैयाँका साथै केही अमेरिकी डलर चोरी भएको थियो । पक्राउ परेका अन्सारी सोही घरमा २८ डिसेम्बरदेखि ५ जनवरीसम्म पेन्टिङको काममा संलग्न रहेको प्रहरीले जनाएको छ ।



बिहीबार, २५ पुस २०८१ (Thursday, January 09, 2025)

# 'मिसिङः केटी हराएको सूचना'को नयाँ ट्रेलर



■ प्रभाव संवाददाता

**काठमाडौं** – आगामी माघ ११ गतेबाट रिलिज हुने फिल्म 'मिसिङः केटी हराएको सूचना'को नयाँ ट्रेलर सार्वजनिक भएको छ । ५ मिनेट १६ सेकेण्डको ट्रेलर फिल्मका शीर्ष कलाकार नाजिर हुसेन र सृष्टि श्रेष्ठ वरपर घुमेको छ ।

सामाजिक सञ्जालबाट भेटिएका नाजिर र सृष्टिबीच यात्रामा निस्किँदा आउने उतारचढावलाई ट्रेलरमा स्थान दिइएको छ । विशेषत ट्रेलरले फिल्मले पहाडी-मधेशी मेलमिलापको खोजी गरेको देखाएको छ । फिल्ममा नाजिर रामको भूमिकामा र सृष्टि सीताको भूमिकामा छन् । ट्रेलरमा केही दिनअघि सार्वजनिक गरिएको नयाँ गीत 'सपनीमा'का फुटेजलाई पनि स्थान दिइएको छ ।

ट्राई सिटी पिक्चर्स प्रस्तुतकर्ता रहेको फिल्म ट्राई सिटी पिक्चर्सकै ब्यानरमा निर्माण भएको हो । फिल्ममा ३२ वर्षअघिको डकु-ड्रामा 'उजेली'का निर्देशक दीपेन्द्र गौचनको निर्देशन छ । उनले 'हाम्रो मुमिन' डकुड्रामाको पनि निर्देशन गरेका थिए । दीपेन्द्रकै निर्माण रहेको फिल्ममा उनकै स्क्रिप्ट लेखन छ ।

फिल्ममा नाजिर, सृष्टिसँगै सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रूपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह, अर्जुन पोखरेल र ओमप्रकाश कर्णको अभिनय छ । फिल्ममा अमितेष शाह विशेष भूमिका छन् ।

नकिम उद्दिन कार्यकारी निर्माता रहेको फिल्ममा मनोहर दास मुल, अनिन राजभण्डारी, राजीव थापा, रोबिन थापा, राधेश पन्त, महेन्द्र शाक्य, ज्योतिमान शेरचन, चन्द्र भट्टचन, सञ्जय भट्टचन सह-कार्यकारी निर्माता, अमितेष शाह सहायक निर्माता, दीपेन्द्र गौचनको कथा र लेखन, अमित पोखरेल र अमितेष शाहको सहायक लेखन, अमित पोखरेलको स्क्रिप्ट सुपरभिजन छ ।

फिल्ममा अमर महर्जनको डीओपी, निमेष श्रेष्ठको सम्पादन, शंकर महर्जनको द्वन्द्व, दीपेन्द्र गौचन, प्रवेश मल्लिक र करुण थापाको संगीत, दीपेन्द्र गौचन, अमितेष शाह, करुण थापाको शब्द, सितुसित बस्नेत, रोहित जोन क्षेत्री, प्रवेश मल्लिक, नेहा प्रियदर्शनी, करण परियार र इन्दिरा जोशीको स्वर, रामजी लामिछाने र राजीव कर्णको कोरियोग्राफी छ ।

ओएसआर डिजिटल डिजिटल पार्टनर रहेको फिल्म एप्पल इन्टरटेनमेन्ट, रिच इन्टरटेनमेन्ट र एफडी कम्पनीले वितरण गर्दैछन् ।

# 'जोय मोडल हन्ट नेपाल २०२५'को फाइनलमा ४८ प्रतियोगी



**काठमाडौं (प्रस)**– जोय मोडल हन्ट नेपाल २०२५'को फाइनलमा ४८ प्रतियोगी भिड्ने भएका छन् । नेपालकै बृहत् र स्तरीय मानिएको प्रतियोगिता मोडल हन्ट नेपालको यो सिजन ९ हो । प्रतियोगीताको फाइनलका लागि छनौट चरणको बिभिन्न अडिसनबाट ३० फिमेल र १८ मेल गरेर ४८ प्रतियोगी छानिएको आयोजक नेक्स्ट मोडल्स नेपालकी कार्यकारी निर्देशक यतना पाण्डेले जानकारी दिइन् ।

छानिएका प्रतियोगी अब एक महिनाको प्रशिक्षण सहित फाइनलको तयारीमा लाग्नेछन् । प्रशिक्षणको क्रममा व्यक्तित्व विकास, शारीरिक बनावट, ऱ्याम्प वाक, बडी ल्याङ्ग्वेज, फोटोसुट, एक्सप्रेसन लगायतका ग्रुमिङ कक्षामा सहभागी गराइनेछ । प्रतियोगीको कोरियोग्राफी कोरियोग्राफर सबिता कार्कीले गर्नेछिन् ।

प्रतियोगितामा सहभागीका लागि पुरुषको हकमा ५ फिट ६ इन्च र महिलाको हकमा कम्तीमा ५ फिट २ इन्च उचाइ प्रावधान रहेको थियो । सोही अनुसार प्रतियोगी छानिएका हुन् । प्रतियोगितामा विजेता ५ लाख बराबरको पुरस्कारको अलवा आगामी सेब्टेम्बरमा कम्बोडियामा आयोजना हुने 'मिस एण्ड मिष्टर सेलिब्रेटी इन्टरनेशनल'मा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गर्ने आयोजक नेक्स्ट मोडल्स नेपालका अध्यक्ष रवि धमलाले बताए ।

उचित ज्ञानसहित देश तथा विदेशका प्लेटफर्ममा सजिलै अवसर पाउन सक्ने व्यवसाहिक मोडल उत्पादन गर्ने उद्देश्यले विगत ९ वर्षदेखि नियमित आयोजना हुँदै आएको प्रतियोगितामा पछिल्लो समय युवायुवतीको आकर्षण समेत बढ्दो रहेको छ । प्रतियोगीताले मोडलिङ गर्न चाहनेका लागि उचित अवसर र प्लेटफर्मको सृजना गर्ने अध्यक्ष धमलाको विश्वास रहको छ ।

# मण्डलामा 'मुक्कुम्लुङ' मञ्चन हुँदै

**काठमाडौं (प्रस)**– मण्डला थिएटरमा आगामी माघ ४ देखि २७ गतेसम्म 'मुक्कुम्लुङः चोत्लुङ अफ याक्थुङ' नाटक मञ्चन हुने भएको छ । युवा निर्देशक अनिल सुब्बाले निर्देशन गरेको नाटक मञ्चनका बारेमा बुधबार यहाँ मण्डला थिएटर, चुलाचुली रङ्गमञ्च र एक थिएटर नेपालले संयुक्त रूपमा आधिकारिक घोषणा गरेका हुन् ।

पृथ्वीको पहिलो नारी मुजिङना खेयङनाको मुन्धुममा आधारित रहेर निर्माण गरिएको नाटकमा पछिल्लो समय मुक्कुम्लुङ संरक्षण र आन्दोलनसम्मका घटना क्रमलाई समेटिएको निर्माण पक्षले जनाएको छ ।

पछिल्लो समय ताप्लेजुङको मुक्कुम्लुङमा 'मक्कुम्लुङ संरक्षण' अर्थात् 'नो केवलकार' आन्दोलन चलिरहेको छ । मुक्कुम्लुङ याक्थुङ (लिम्बू)हरूको पवित्रस्थल रहेको, यहाँ केवलकार स्थापना गरिँदा मुक्कुम्लुङ र लिम्बूहरूको सम्बन्ध विस्थापन हुने र त्यहाँ प्रकृतिको दोहन हुने भएकाले स्थानीयसहित सरोकार भएकाले 'नो केवलकार' आन्दोलन गरिरहेका छन् । सोही आन्दोलनलाई ऐक्यबद्धता जनाउँदै मुक्कुम्लुङको महत्व बुझाउन नाटक निर्माण गरिएको एक थिएटरका अध्यक्ष विष्णु मोक्तानले बताए ।

निर्देशक सुब्बाले भने, 'यो नाटक, नाटक मात्रै होइन । आन्दोलन पनि हो ।' नाटकका लेखक गीलु रातोसका अनुसार मुक्कुम्लुङलाई याक्थुङ समुदायले आफ्नो शिर मान्ने गर्छन् । अहिले त्यही शिर माथि भएको दमनविरुद्ध सर्जकहरूको आन्दोलनका रूपमा यस नाटकलाई लिन सकिने उनले बताए । अनिल सुब्बा, गीलु रातोस र विष्णु मोक्तानको संयुक्त लेखन रहेको नाटकमा विष्णु मोक्तान, वेदना राई, सुरज तमु, प्रतिना राई, मानहाङ लावती, शोभा लिम्बू, सौजन सेनेहाङ, मणि के राई, भूमिका थारूलगायत कलाकारको अभिनय रहने छ ।



# १०औं राष्ट्रिय खेलकुदको सचिवालय त्रिपुरेश्वरमा



■ प्रभाव संवाददाता

**काठमाडौं**– कर्णाली प्रदेशमा हुने १०औं राष्ट्रिय खेलकुदको सचिवालय बुधबार उद्घाटन गरिएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अध्यक्ष युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले सचिवालयको औपचारिक उद्घाटन गरे ।

प्रतियोगिताको कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाउन त्रिपुरेश्वरस्थित राखेपको कार्यालय भवनको दोस्रो तलामा सचिवालय सञ्चालनमा ल्याइएको हो । मन्त्री चौधरीले आवश्यक पूर्वाधार अभावले केही खेल प्रतिस्पर्धा नेपालगन्ज र काठमाडौंमा पनि हुन सक्ने बताउँदै अधिकांश खेल कर्णालीमै हुने स्पष्ट पारे ।

उनले कर्णाली प्रदेशको खेल पूर्वाधार, बाटो र होटेल लगायतका अवस्थाबारे पनि निरीक्षण भइरहेको बताए । आगामी माघ ३ गते बस्ने राखेपको बोर्ड बैठकले यसबारे थप छलफल गर्ने मन्त्री चौधरीले बताए । गत मंसिर २१ गते बसेको राखेपको ११८ औं बोर्ड बैठकले दसौं राष्ट्रिय खेलकुद चैत २३ देखि ३० गतेसम्म गर्ने निर्णय गरेको थियो ।

## मदन भण्डारी गोल्डकप

# उपाधिका लागि पुलिस र आर्मी भिड्ने

■ प्रभाव संवाददाता

**बुटवल**– विभागिय टोली नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लब मदन भण्डारी गोल्डकप इन्डो-नेपाल रनिङ शिल्ड पुरुष भलिबल च्याम्पियनसिपको उपाधिका लागि भिड्ने भएका छन् ।

बुटवलको रामनगर खेल मैदानमा बुधबार सम्पन्न दोस्रो सेमिफाइनलमा आर्मीले मणिमुकुन्द भलिबल क्लबलाई ३ १ को सेटमा हराउँदै पुलिससँगको भेट पक्का गरेको हो । आर्मीले मणिमुकुन्दलाई २५-१८, २५-१३ र २५-१९ को सोझो सेटमा पराजित गऱ्यो ।



पहिलो सेमिफाइनलमा पुलिसले भारतको गुजरात प्रदेश भलिबल एसोसिएसनलाई ३-१ सेटमा हराउँदै फाइनलमा स्थान पक्का गरेको थियो । पुलिसले २५-२७, २५-१४, २५-२१ र २७-२५ को जित निकालेको हो । योसँग गुजरात र मणिमुकुन्दले तेस्रो स्थानका लागि भिड्ने भएका छन् । फाइनल र तेस्रो स्थानको खेल बिहीबार हुनेछ । प्रतियोगिताको विजेताले सात लाख र उपविजेताले तीन लाख ५० हजार रूपैयाँ पाउने छन् । तेस्रो हुने टोलीले एक लाख ७५ हजार र चौथोले एक लाख रूपैयाँ पाउनेछ ।

## महिला लिग फुटबल

# दोस्रो जितसँगै पुलिस शीर्षस्थानमा

**काठमाडौं (प्रस)**– एन्फा महिला राष्ट्रिय लिग अन्तर्गत सुपर लिगको खेलमा नेपाल पुलिस क्लबले दोस्रो जित निकालेको छ । पुलिसले बागमती युथ क्लबमाथि संघर्षपूर्ण जित हात पारेको हो ।
पुलिसले मंगलबार भएको खेलमा बागमती युथ क्लबलाई २-० ले पराजित गरेको हो । सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा भएको खेलमा पुलिसको जितमा कप्तान निरु थापा र पूजा रानाले गोल गरे ।
जितपछि ३ खेलबाट ७ अंक जोडेको पुलिसले एपिएफलाई एक अंकले पछि पार्दै शीर्ष स्थानमा उक्लिएको छ । यसअघि पुलिसले पहिलो खेलमा वालिङ नगरपालिकालाई ५-० ले हराएको थियो भने विभागीय डर्बीमा त्रिभुवन आर्मी एफसीसँग गोलरहित बराबरी खेलेको थियो ।
पुलिसभन्दा एक खेल कम खेलेको एपिएफको ६ अंक छ । बागमतीको भने यो लगातार तेस्रो हार हो । यसअघि बागमती आर्मीसँग २-० र एपिएफसँग ५-१ ले पराजित भएको थियो ।

# मूलपानी मैदानका लागि स्रोत सुनिश्चितता गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं**– राष्ट्रियसभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले काठमाडौंको मूलपानी क्रिकेट मैदान निर्माणका लागि स्रोत सुनिश्चितता गर्न सरकारलाई निर्देशन दिएको छ ।

सिंहदरबारमा बुधबार बसेको समिति बैठकले लामो समयसम्म पनि निर्माण सम्पन्न हुन नसकेको मूलपानी क्रिकेट मैदानको छिटो निर्माण सम्पन्न गर्नका लागि स्रोत सुनिश्चितता गर्न सरकारलाई निर्देशन दिएको हो ।

त्यस्तै बैठकले राष्ट्रिय गौरवका आयोजनाका लागि जनशक्ति लगायत आवश्यक पूर्वाधार तयार गरी खेलकुदका आयोजनाहरूलाई समयमा नै सम्पन्न गर्ने गरी काम गर्न युवा तथा खेलकुद मन्त्रालयलाई निर्देशन दिएको छ ।

बैठकमा खेलकुदमन्त्री तेजुलाल चौधरीले पूर्वाधारमा एक वर्ष परेको बजेटले अर्को निरन्तरता पाउन नसक्दा समयमा सम्पन्न गर्न कठिन हुने गरेको बताए । फुटबल रंगशालाका लागि विश्व फिफाले सहयोग गर्न तयार भए पनि जग्गा प्राप्त भने गर्न नसकिएको उनले बताए । मन्त्री चौधरीले सीमित स्रोत साधनकाबीच पछिल्लो समय खेलाडीहरूको प्रदर्शन निकै राम्रो हुँदै गएको बताए ।

# सोमपालसहित ६ खेलाडी पिएसएलको ड्राफ्टमा

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाली राष्ट्रिय टोलीका ६ खेलाडी पाकिस्तान सुपर लिग (पिएसएल) को ड्राफ्टमा परेका छन् ।

पाकिस्तान क्रिकेट बोर्डका अनुसार आसिफ शेख, अर्जुन साउद, देव खनाल, दीपेन्द्रसिंह ऐरी, गुल्शनकुमार झा र सोमपाल कामी ड्राफ्टमा परेका हुन् । यी ६ खेलाडी सिल्भर क्याटोगोरीमा परेका हुन् ।

सन् २०२१ को पिएसएल ड्राफ्टमा पनि सन्दीप लामिछाने र सोमपालसहित ११ खेलाडी थिए । प्लाटिनममा सन्दीप र गोल्ड क्याटेगोरीमा विकेटकिपर ब्याट्सम्यान विनोद भण्डारी ड्राफ्टमा परेका थिए । सोमपालसहित सुशन भारी, शरद भेषावकर, सुवास खकुरेल, ललितनारायण राजवंशी, पवन सरार्फ, बसन्त रेग्मी, विक्रम सोब र सहाब आलम भने सिल्भर क्याटेगोरीमा थिए । तर, कोही बिकेका थिएनन् ।

गत वर्ष भने नेपालबाट आठ खेलाडी पीएसएलको अन्तिम ड्राफ्टमा परेका थिए । देव, आसिफ, आरिफ शेख, अर्जुन, दीपेन्द्र, कुशल भुर्तेल, कुशल मल्ल र सोमपाल परे पनि विक्री भएका थिएनन् ।

पिएसएलमा इस्लामाबाद युनाइटेड, कराँची किङ्स, लाहोर ग्लाडर्स, मुल्तान सुल्तान, पेसेवर जल्मी, क्वेटा ग्लाडियटर्स गरि ६ टिम सहभागी छन् ।

# इमरान खानलाई सरकारले नजरबन्दको प्रस्ताव राखेको बहिनी अलिमाको दाबी

**इस्लामावाद–** पूर्वप्रधानमन्त्री इमरान खानलाई रावलपिण्डीको अडियाला जेलबाट बनिगालास्थित उनको निवासमा नजरबन्दमा राख्ने सम्झौता गरिएको पिटिआईका संस्थापक खानकी बहिनी अलिमा खानले हालै खुलासा गरेकी छन् ।

पाकिस्तानी सरकारले विपक्षी दल र विशेषगरी पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई) सँगको वार्तामा सरकारी हस्तक्षेप र जेलमा रहेका आफ्ना नेता खानसँग पार्टीको पहुँचमा प्रतिबन्ध लगाएको आरोप लागेपछि वार्ता अवरुद्ध भएको छ ।

मंगलबार एक विज्ञप्ति जारी गर्दै अलीमा खानले खैबर पख्तुनख्वाका मुख्यमन्त्री अली अमीन गन्दापुरमार्फत आफ्ना भाइलाई धेरै अफर आएको दाबी गरिन् । उनले भनिन्, 'सम्भवतः नजरबन्दको बदलामा इमरान खान चुप लागेर बस्नुपर्छ भन्ने सुझावका साथ यो प्रस्ताव आएको हखो ।' यति लामो समय जेलमा बिताएपछि आफ्नो भाइले यस्तो सम्झौता कसरी स्वीकार्ने भनी उनले सरकारसँग प्रश्न गरेकी छन् ।

गत हप्ता सरकार र पिटिआई दुवैले इमरान खानलाई बनिगाला वा अन्य कुनै स्थानमा स्थानान्तरण गर्ने सहमति नभएको जनाएका थिए । सरकारसँग वार्ता जारी रहँदा पिटिआई वार्ताकारहरूले आफ्ना नेतालाई 'निगरानीरहित पहुँच'का लागि जोड दिइरहेका छन् । डिसेम्बरको अन्त्यमा वार्ता पुनः सुरु भएपछि



पिटिआईका प्रतिनिधिहरूले विशेषगरी बैठककक्षको कथित निगरानीप्रति विमति जनाउँदै आएका छन् । उनीहरूले मंगलबार नेता खानलाई भेटेका थिए ।

पिटिआईका नेता ओमार अयूबले टोलीले विशेषगरी निगरानीविना प्रवेशका लागि अनुरोध गरेको तर सरकारका प्रतिनिधिले उक्त अनुरोधलाई अस्वीकार गरेको स्पष्ट पारेका छन् । अयुबले जासुसी उपकरणको उपस्थितिले जेलमा रहेका नेतासँगको वार्तामा बाधा पुऱ्याएको र खुला र स्पष्ट संवाद हुन नसकेको दाबी गरेका छन् ।

पिटिआईका अन्तरिम अध्यक्ष ब्यारिस्टर गोहर अली खानले तनाव समाधान गर्नुपर्नेमा जोड दिँदै विपक्षीको लिखित माग पूरा गर्न नसकेको र बताए । पिटिआईले मे ९ र नोभेम्बर २६ मा भएको हिंसाको अनुसन्धानका लागि राजनीतिक बन्दीहरूको रिहाइ र न्यायिक आयोग गठनजस्ता दुई मुख्य मागहरू यसअघि नै साझा गरिसकेको छ ।

ब्यारिस्टर सलमान अकरम राजाले सरकारले नेता खानलाई निर्बाध प्रवेश गर्न नदिएकोमा चिन्ता व्यक्त गर्दै यसलाई सरकारी शंकास्पद नियतको संकेतको रूपमा उल्लेख गरेका छन् ।

यसैबीच, खानले जेलमा भएको अमानवीय व्यवहारलाई सम्बोधन गर्न कानुनी प्रणालीको सहारा लिएका छन् । पूर्वप्रधानमन्त्री खानले आफ्ना कानुनी टोलीमार्फत इस्लामावादको विशेष न्यायाधीश केन्द्रीय अदालतमा जेल प्रशासनले जेल निर्देशिका र सम्बन्धित कानुनअन्तर्गत आधारभूत अधिकारबाट वञ्चित गरेको आरोप लगाउँदै एक याचिका दायर गरेका थिए ।

आफ्नो निवेदनमा इमरान खानको कानुनी टोलीले बेलायतमा रहेका आफ्ना छोराछोरीलाई साप्ताहिक फोन कलमा प्रतिबन्ध लगाउने र आफ्नो निजी चिकित्सकलाई भेट्न अनुमति दिन इन्कार गर्नेलगायत धेरै गुनासाहरू उल्लेख गरेका छन् । उक्त निवेदनमा उनले पत्रिका, पठन सामग्री वा टेलिभिजनमा पहुँच नदिइएको पनि उल्लेख गरेका छन् । *रासस/एएनआई*

# मेटाले अमेरिकी तथ्य जाँच बन्द गर्नु 'खतरनाक समय'को सुरुवात : रेसा

**मनिला–** फिलिपिन्सका नोबेल पुरस्कार विजेता मारिया रेसाले सामाजिक सञ्जाल मेटाले फेसबुक र इन्स्टाग्राममा आफ्नो अमेरिकी तथ्य जाँच कार्यक्रम बन्द गरेपछि एएफपीलाई दिएको अन्तर्वार्तामा बुधबार 'अत्यन्त खतरनाक समय' को सुरूआत भएको बताएका छन् ।

फिलिपिन्सका पूर्वराष्ट्रपति रोड्रिगो डुटेर्टेको पालामा दायर गरिएको अदालती मुद्दासँग जुध्दै रेसा र उनले स्थापना गरेको राप्लर न्युज साइटले वर्षौंसम्म अनलाइन गलत सूचनाविरुद्ध लडेका छन् । सन् २०२१ मा नोबेल शान्ति पुरस्कार विजेता तथा वरिष्ठ पत्रकार रेसाले मेटाको निर्णयले पत्रकारिता, लोकतन्त्र र सामाजिक सञ्जाल प्रयोगकर्ताका लागि 'अत्यन्त खतरनाक समय' आउन लागेको संकेत भएको बताए ।

'मार्क जुकरबर्गले यो अभिव्यक्ति स्वतन्त्रताको मुद्दा हो भन्नुभएको छ । यो सरासर गलत हो,' रेसाले मनिलास्थित र्‍यापलरको समाचार कक्षमा एएफपीसँग भने, 'यदि नाफामा आधारित संस्थाले मात्र यो दाबी गर्न सक्ने तर यदि शक्ति र पैसा नचाहने स्वतन्त्र संस्था हो भने त्यसले त्यो दाबी गर्नु सही होइन । यो व्यक्तिको सुरक्षाको कुरा हो ।' *रासस/एएफपी*

# भारतमा गत वर्ष सडक दुर्घटनामा परी एक लाख ८० हजार व्यक्तिको मृत्यु

**नयाँदिल्ली–** सन् २०२४ मा भारतमा भएका सडक दुर्घटनामा परी करिब एक लाख ८० हजार व्यक्तिको मृत्यु भएको छ ।

भारतका सडक यातायात तथा राजमार्गमन्त्री नितिन गडकरीले सन् २०२४ मा भारतमा भएका सडक दुर्घटनामा परी करिब एक लाख ८० हजार व्यक्तिको मृत्यु भएको जानकारी बुधबार दिएका हुन् । उनका अनुसार सवारी दुर्घटनामा परी मृत्यु हुनेमध्ये ६६ प्रतिशत १८ देखि ३४ वर्ष उमेर समूहका रहेका छन् । मृत्यु हुनेमा करिब १० हजार विद्यालयमा अध्ययनरत छात्रछात्रा रहेको उल्लेख गर्दै उनले विद्यालय तथा अन्य शैक्षिक संस्था अगाडि यातायातको उचित व्यवस्था नहुँदा मृत्यु भएको बताए ।

गडकरीले मानव जीवन बचाउनका लागि सडक दुर्घटनाका पीडितहरूको नगदरहित उपचारको नयाँ योजना सुरु गरिएको पनि उनले बताए । उनले भने, 'सडक दुर्घटनामा परी घाइते भएकाहरूको नगदरहित उपचारका लागि हामीले नयाँ योजना सुरु गरेका छौं ।'

दुर्घटना लगत्तै २४ घण्टाभित्र प्रहरीमा सूचना जाँदा भर्ना भएका बिरामीको सात दिनको उपचार खर्च वा उपचारका लागि अधिकतम एक लाख ५० हजार भारतीय रूपैयाँसम्म उपलब्ध गराउने व्यवस्था गरिएको छ । सडक दुर्घटनाका घटनामा मृत्यु भएका व्यक्तिका लागि दुई लाख भारतीय रूपैयाँ (दुई हजार ३०० अमेरिकी डलर) पनि उपलब्ध गराउने व्यवस्था गरिएको छ । *रासस/सिन्ह्वा*

## श्री अमर ज्योति (प्राविधिक) माध्यमिक विद्यालय

तादी गाउँपालिका

खरानीटार, नुवाकोट

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१/०९/२५)

यस विद्यालयबाट मिति २०८१/०८/१२ गते **प्रभाव दैनिक** राष्ट्रिय दैनिक पत्रिकामा Construction of Shree Amarjyoti Secondary School (Phase-4) सम्बन्धी ठेक्का AMARJYOTI/NCB/W/BLDG/2081/82 को प्रकाशित सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित अंक सारभूत रुपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | भ्याट सहित कबोल अंक रु. |
|---|---|---|---|---|
| 1 | AMARJYOTI/ NCB/W/BLDG /2081/82 | Construction of Shree Amarjyoti Secondary School (Phase-4)) | ॐ बज्र कन्स्ट्रक्सन,म्यागङ -०६, नुवाकोट ( OM BAJRA CONSTRUCTION, MYAGANG-06, NUWAKOT) | 59,15,870.43 |

प्रधानाध्यापक

## शुक्लाफाँटा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

झलारी, कन्चनपुर

सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१/०९/२५)

यस कार्यालयबाट वार्ड न.५ र ७ सामुदायिक भवन निर्माण कार्ये लागि बिधुतिय खरिद प्रणालिको (इ बिडङ) माध्यमबाट मिति २०८१।०८।२१ गतेका दिन बोलपत्र आव्हान गरिएकोमा उक्त ठेक्काको लागि पेश हुन आएका बोलपत्रहरुमध्ये निम्न बोलपत्रदाताको बोलपत्र यस कार्यालयको बोलपत्र मुल्यांकन समितिले परीक्षण एवं मुल्यांकन गरी सिफारिस गरे अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को उप-दफा (८) अनुसार न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही रही स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित बोलपत्र दाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पि एस बाहेक) |
|---|---|---|---|---|
| १ | SMP/2080/081/ NCB/BG/20 | वार्ड न.५ सामुदायिक भवन निर्माण । | १ श्री हंशदिप कन्सट्रक्सन, शुक्लाफांटा न.पा, वार्ड न.११ | २८४०२४५।५० |
| २ | SMP/2080/081/ NCB/BG/21 | वार्ड न.७ सामुदायिक भवन निर्माण । | १ श्री हंशदिप कन्सट्रक्सन, शुक्लाफांटा न.पा, वार्ड न.११ | २१०१०९४।३५ |

कार्यालय प्रमुख


**कुवेतमा रोजगार** कम्पनी : GB Restaurant Management Co.

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316819 | चलानी नं. ६०२३१०४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor | 5 | 0 | 90 | ४०,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al Khalidiya Car Rental Company/ Abdullah Mohammed Al Rawdhan and Partners

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316818 | चलानी नं. ६०२३१०४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Mechanics | 3 | 0 | 150 | ६७,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Car Driver | 2 | 0 | 140 | ६२,६२० | | | | | | | |
| 3 | Denter / Painter | 2 | 0 | 150 | ६७,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७९७/०६५/०६६

Saudi Nepal Recruitment Agency Pvt.Ltd.

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

**साउदीमा रोजगार** कम्पनी : SUHAIB FAHAD A ALMULHIM

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316812 | चलानी नं. ६०२३१०३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1000 | ३६,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EWAA HOTEL

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316813 | चलानी नं. ६०२३१०३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel House Keeper | 6 | 0 | 1000 | ३६,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ६१९/०६३/०६४

Nasser Outsourcing Consultants Pvt. Ltd.

Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org

**साइप्रसमा रोजगार** कम्पनी : Georgios Kontogiannis Private Employment & Immigration Services सेवा शुल्क: २५,000

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 311719 | चलानी नं.६०२२६३१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 1 | 7 | 400 | ५६,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Employee | 2 | 3 | 600 | ८४,८८० | | | | | | | |
| 3 | Labourer Agriculture Farm | 3 | 4 | 455 | ६४,३७० | | | | | | | |

कम्पनी : Neptune Recruitment सेवा शुल्क: १०,000

पूर्व स्वीकृति मिति : २०८०/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 301391 | चलानी नं.६०२१६७३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 0 | 18 | 400 | ६५,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Pavlina Poulli Private Agency सेवा शुल्क: १०,000

पूर्व स्वीकृति मिति : २०७९/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 282679 | चलानी नं.६०१९८२७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer Agriculture Farm | 0 | 2 | 465 | ६५,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ८५९/०६७/०६८

AGNI OVERSEAS PVT. LTD.

Samakhushi-26, KTM, Nepal, Ph. : +977-014951662, 9840411785

**कुवेतमा रोजगार** कम्पनी : Fatoush For Catering And Restaurants Management Co

पूर्व स्वीकृति मिति : २०८१/०९/२३ | LT. No. 316789 | चलानी नं. ६०२३१०३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 3 | 0 | 170 | ७६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef Assistant | 5 | 0 | 150 | ६७,०९० | | | | | | | |
| 3 | Preparer | 6 | 0 | 125 | ५५,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SADIKSHA OVERSEAS PVT LTD

Samakhusi-29, Kathmandu, Nepal, Tel: (977)-1-4980181, 4988200

Email: info@sadiksha.com.np, Web: www.sadikshaoverseas.com.np

Govt. License 769/065/066

**युएइमा रोजगार** कम्पनी : AMWAJ AL SAHRA TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316755 | चलानी नं. ६०२३१०५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 10 | 0 | 800 | ३०,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET

Target Consultant Human Resources Pvt. Ltd.

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

श्रम इजाजत नं. ८३३/०६६/०६७

**कतारमा रोजगार** कम्पनी : LALIT CLEANING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८०/१२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२४ | LT. No. 302188 | चलानी नं. ६०२१७२०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Representative | 2 | 0 | 2500 | ९४,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 2 | 0 | 1200 | ४५,१२० | | | | | | | |
| 3 | Labour | 2 | 0 | 1000 | ३७,६०० | | | | | | | |
| 4 | Supervisor | 1 | 0 | 2500 | ९४,000 | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD

Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780

Email : shivamintl9@gmail.com, Web: www.shivamintlmanpower.com.np

Gov Lic.No. 1570/079/80

## वर्गीकृत विज्ञापन संकलन काउन्टर


पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily


# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५२५०० | प्रति तोला - ० | प्रति तोला - १८३० |



**तोरी पहेंलै...** | रामेछापको मन्थली नगरपालिका-६ कुनाउरीस्थित मझुवा फाँटमा ढकमक्क फुलेको तोरीबाली ।

*तस्बिरः रमेश ढुंगेल /रासस*

# आर्थिक वृद्धिदर ३.४ प्रतिशतमा खुम्चियो

■ प्रभाव संवाददाता




**काठमाडौं–** चालु आर्थिक वर्षको पहिलो त्रैमासमा मुलुकको कूल गार्हस्थ्य उत्पादन वृद्धिदर (जिडिपी) तीन दशमलव चार प्रतिशतमा खुम्चिएको छ । गत असोजको बाढीपहिरो र निर्माण क्षेत्रको नकारात्मक वृद्धिले आर्थिक वृद्धिदर संकुचित भएको हो ।

राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार सरकारले चालु आर्थिक वर्षका लागि छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएकामा तीन दशमलव चार प्रतिशत मात्र हासिल भएको हो । अर्थतन्त्रमा योगदान गर्ने विभिन्न १८ क्षेत्रमध्ये १७ वटाको वृद्धिदर धनात्मक छभने निर्माण क्षेत्रको वृद्धिदर भने ऋणात्मक छ ।

चालु आर्थिक वर्षको पहिलो त्रैमासमा विद्युत् तथा ग्याससँग सम्बन्धित क्रियाकलापको वृद्धिदर सबैभन्दा धेरै छ । यो क्षेत्र २१ दशमलव चार प्रतिशतले बढेको छ । यातायात तथा गोदाम क्षेत्र छ दशमलव सात प्रतिशत योगदान रहेको छ । पहिलो त्रैमासमा आवास तथा भोजन सेवा क्षेत्र छ दशमलव तीन, वित्तीय तथा विमा क्षेत्र पाँच दशमलव सात, प्रशासनिक सहयोगी सेवा क्षेत्रको वृद्धिदर पाँच दशमलव चार र पेशागत वैज्ञानिक तथा प्राविधिक सेवाको वृद्धिदर पाँच दशमलव एक प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ । चालु आवको प्रथम त्रैमासिकमा निर्माणजन्य वस्तुको आयातमा आएको गिरावटका कारण निर्माण क्षेत्र झिनो अंकले संकुचनमा रहेको अनुमान छ । निर्माण क्षेत्र शून्य दशमलव तीन प्रतिशतले नकारात्मक रहेको छ ।

अर्थतन्त्रमा सबैभन्दा बढी हिस्सा ओगटेको कृषि, वन तथा मत्स्य क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर तीन प्रतिशत हुने अनुमान छ । धानलगायतका वर्खे बालीको उत्पादनमा वृद्धि हुनुका साथै तरकारी तथा नगदेबाली र पशुपक्षीजन्य उत्पादनमा भएको वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव परेको जनाइएको छ । समयमा मलको उपलब्धता, उन्नत बीउको प्रयोग, तथा यथेष्ट मनसुनी वर्षाका कारण कृषिजन्य उत्पादनमा वृद्धि हुने अपेक्षा गरिए पनि बाढी र पहिरोका कारण कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमा उल्लेख्य वृद्धि हुन नसकेको हो ।

अर्थतन्त्रको दोस्रो ठुलो क्षेत्र थोक तथा खुद्रा व्यापार क्षेत्र पहिलो त्रैमासमा शून्य दशमलव पाँच प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ । कृषि तथा व्यापारजन्य वस्तुको स्वदेशी उत्पादनमा भएको सामान्य वृद्धि तथा प्रमुख व्यापारजन्य वस्तुको आयातमा भएको सामान्य वृद्धिका कारणले गर्दा व्यापार क्षेत्रको वृद्धि धनात्मक दिशा उन्मुख भएको कार्यालयले जनाएको छ । समीक्षा अवधिमा औद्योगिक वस्तु उत्पादन क्षेत्रको मुल्य अभिवृद्धि वृद्धिदर दुई दशमलव तीन, शिक्षा क्षेत्र शून्य दशमलव चार, स्वास्थ्य क्षेत्र चार दशमलव एक र घरजग्गा कारोबार क्षेत्र तीन दशमलव एक प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

'अर्थतन्त्रको धनात्मक वृद्धि हुनुमा कृषि उत्पादनमा भएको वृद्धि, विद्युत् उत्पादन तथा वितरणमा भएको वृद्धि, पर्यटन आगमनमा भएको वृद्धिसँगै होटल क्षेत्रको कूल मूल्य अभिवृद्धिमा भएको वृद्धि प्रमुख कारक रहेका छन् । यसका अतिरिक्त यातायात क्षेत्रमा भएको वृद्धि, स्वास्थ्य सेवामा भएको वृद्धि, सार्वजनिक प्रशासनका क्षेत्रमा भएको वृद्धिले समग्र अर्थतन्त्र सकारात्मक वृद्धितर्फ उन्मुख रहेको हो', कार्यालयले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनमा भनिएको छ ।

# अर्थमन्त्री र अन्तर्राष्ट्रिय मुद्रा कोषका अधिकारीबीच छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)ले नेपाललाई उपलब्ध गराएको विस्तारित कर्जा सुविधा (इक्सटेन्डेड क्रेडिट फेसिलिटी-ईसिएफ) को समीक्षा गर्न आईएमएफ टोलीले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग शिष्टाचार भेट गरेको छ ।

आईएमएफको समीक्षा टोलीका प्रमुख सर्वत जहान नेतृत्वको प्रतिनिधिमण्डलसँग आफ्नै कार्यकक्षमा भएको भेटमा अर्थमन्त्री पौडेलले पछिल्लो समय देशको अर्थतन्त्रमा सुधार देखिएको र सुधारका भावी कामले थप सकारात्मक परिणाम ल्याउने विश्वास व्यक्त गरेको मन्त्री पौडेलको निजी सचिवालयले जनाएको छ ।

उनले आर्थिक चुनौतीलाई कानुनी, नीतिगत, र संवादात्मक माध्यमबाट सम्बोधन गर्न सरकार तयार रहेको र सुधारका लागि विशेष ध्यान दिइरहेको जानकारी गराए । अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त सुझावलाई मुलुकको राष्ट्रिय सन्दर्भ र आवश्यकताका आधारमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे । आईएमएफको पाँचौं समीक्षा कार्यक्रमलाई देशका लागि महत्वपूर्ण भएको बताउँदै अर्थमन्त्री पौडेलले आर्थिक सुधारका बारेमा उठेका विषयमा थप संवाद गर्न टोलीलाई आग्रह गरे । उनले आर्थिक समस्या समाधान गर्न सरकार नीतिगत तथा संरचनागत सुधारमा केन्द्रित रहेको स्पष्ट गरे ।

अर्थमन्त्रीको निजी सचिवालयका अनुसार उनले नीतिगत सुधारबाट दीर्घकालीन रूपमा अर्थतन्त्रलाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह हुने धारणा व्यक्त गरे । सरकारले सुधार कार्यक्रममा अन्तर र्राष्ट्रिय विकास साझेदारबाट प्राप्त सुझाव र सहयोगलाई स्वागत गर्दै त्यसलाई देशको आवश्यकताअनुसार कार्यान्वयन गरिने बताए ।

आईएमएफ टोलीले विगतमा भएका सुधारका कार्यक्रमको प्रभावको समीक्षा गरिरहेको र भावी सुधारका लागि गृहकार्यमा भइरहेको जानकारी दिएको थियो । मुलुकको आर्थिक विकासका नीति एवं रणनीतिक योजनालाई समयानुकूल बनाउन तथा विगतका सुधार प्रयासबाट भएको प्रगतिको समीक्षा गर्ने सिलसिलामा टोली यहाँ आएको हो ।

विदेशी मुद्रा सञ्चिती घटेर भुक्तानी सन्तुलन निकै कमजोर भएपछि सन् २०२२ को जनवरीमा ३७ करोड १६ लाख अमेरिकी डलर बराबरको इसिएफ लिइएको थियो । त्यसबेला आईएमएफमार्फत पाउने 'स्पेसल ड्रइङ राईट' कोटाको एक सय ८० प्रतिशतसम्म पुग्नेगरी इसीएफ लिएको थियो ।

विगतका समीक्षामा आईएमएफले देशको राजनीतिक अस्थिरता, पुँजीगत खर्चको न्यून कार्यान्वयन र बैंकिङ जोखिमलाई मुख्य चुनौतीका रूपमा औंल्याएको थियो । साथै वित्तीय प्रणाली सुदृढ गर्दै सम्पत्ति शुद्धीकरण रोकथामका लागि गम्भीर हुन पनि सुझाव दिएको थियो । अर्थतन्त्रको दीर्घकालीन स्थायित्वका लागि पूँजीगत खर्च बढाउँदै वित्तीय अनुशासन अपरिहार्य भएकामा जोड दिइएको थियो ।

# नाफिज सदस्यका लागि दुर्घटना बिमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल आर्थिक पत्रकार संघ (नाफिज) का सदस्यहरूको साढे रु १६ करोड बराबरको 'सामूहिक दुर्घटना बिमा' भएको छ । नाफिजले आफ्ना दुई सय ३५ जना सदस्य तथा सल्लाहाकारको जनही रु सात लाखका दरले सामूहिक दुर्घटना बिमा गराएको हो ।

दुई वटा निर्जीवन बिमा कम्पनी र नाफिजबीच सामूहिक दुर्घटना बिमासम्बन्धी सम्झौतामा बुधबार हस्ताक्षर भएको छ । नाफिजले सगरमाथा लुम्बिनी इन्स्योरेन्स र सिद्धार्थ प्रिमियर इन्स्यारेन्समा सदस्यको सामूहिक दुर्घटना बिमा गराएको हो ।

कुल बिमांक रकम रु १६ करोड ४५ लाख रहेको छ । सम्झौतामा सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत चंकी क्षेत्री, सिद्धार्थ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत वीरेन्द्रबहादुर वैदावर र नाफिजका अध्यक्ष मेनुका कार्कीले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार नाफिजका हरेक सदस्यको प्रतिव्यक्ति रु सात लाखका दरले दुर्घटना बीमा भएको छ । नाफिजका अध्यक्ष कार्कीले हरेक दिन 'फिल्ड'मा खटिनुपर्ने पत्रकार विभिन्न खालका दुर्घटनाको जोखिममा हुने भएकाले त्यस्तो जोखिम बहन गर्न आफ्ना सदस्यको बीमा गराइएको बताइन् ।

सम्झौता कार्यक्रममा सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत क्षेत्रीले दुर्घटना बिमाले पत्रकारको सामाजिक सुरक्षाको सुनिश्चितामा सहयोग पुग्ने र विश्वसनीय सूचना प्रवाहमा थप योगदान पुग्ने विश्वास व्यक्त गरे । सिद्धार्थ प्रिमियर इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत वैदावरले नाफिजले आफ्ना सदस्य पत्रकारहरूको बिमा गराएर पत्रकारहरूलाई फिल्डमा खटिन थप प्रोत्साहन गरेको बताए ।

## कुमारी बैंकको उद्यमी प्रशिक्षण कार्यक्रम




**काठमाडौं (प्रस)–** कुमारी बैंकले युएसएडसँगको साझेदारीमा 'देशै भरि बर्षै भरि' उद्यमशिलता विकास एवं प्रवर्द्धनका लागि नियमितरूपमा उद्यमी प्रशिक्षण अभियान सञ्चालन गरिरहेको छ । यसै क्रममा बैंकले विराटनगर महानगरपालिका, मोरङ्गको समन्वयमा विराटनगरमा उद्यमी प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । वित्तिय ज्ञान, सिप, मनोबृद्धि तथा व्यवहार विकासबाट मात्रै व्यवहारिकरूपमा उद्यमशिलता प्रवर्द्धन तथा विकास हुने विश्वास लिएको कुमारी बैंकले यस अभियानमा सर्वसाधारणहरूको विषयगत संवेदनशीलतालाई सहजै बुझ्न सकिने गरि वित्तिय उद्यमी प्रशिक्षण, वित्तिय साक्षरता पुस्तिका, कुमारीजी एप, राष्ट्रियस्तरमा ख्यातिप्राप्त कलाकारहरूको अभिनय सहितका सन्देशमुलक भिडियोहरू, सचेतनामुलक सन्देशहरू विकास गरि नियमितरूपमा प्रकाशन तथा प्रशारण समेत गरिरहेको छ ।

उद्यमी प्रशिक्षणबाट हरेक स्थानिय निकायमा रहेका उद्यमी सोचहरूको प्रवर्द्धन तथा विकासमा टेवा पुऱ्याउदै आर्थिकरूपमा समृद्ध परिवार, समाज तथा राष्ट्र निर्माणमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ । कुमारी बैंकले अनवरतरूपमा वित्तिय साक्षरता प्रवर्द्धन गर्दै आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१६ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखारहित बैंकिङ्ग ईकाईबाट सेवा दिइरहेको छ ।

# विद्युत् उत्पादनमा लगानी गर्न निजी क्षेत्रलाई ऊर्जामन्त्री खड्काको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले उत्पादित ऊर्जाको बजार सुनिश्चित भएकाले विद्युत् क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई आग्रह गरेका छन् । विद्युत् नियमन आयोगबाट हुने कार्यसम्पादनलाई प्रविधिमैत्री बनाउने उद्देश्यले आयोगद्वारा निर्माण गरिएको 'डकुमेन्ट म्यानेजमेन्ट सिस्टम' को शुभारम्भ गर्दै मन्त्री खड्काले उत्पादित विद्युत् बजारीकरणको समस्या नरहेकाले ऊर्जा क्षेत्रमा लगानी गर्न सबैलाई आग्रह गरे ।

ऊर्जामन्त्री खड्काले सरकारले सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको भन्दै उक्त लक्ष्य पूरा गर्न यस्ता प्रविधिले सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे । विद्युत् उत्पादनमा देखिएका समस्यालाई विस्तारै सरकारले सहजीकरण गर्दै लैजाने उनको भनाइ छ ।

मन्त्री खड्काले मुलुकको विकासको प्रमुख आधार ऊर्जा क्षेत्र भएकाले यसको विकासका लागि निजी क्षेत्रको महत्वपूर्ण योगदान रहेको उल्लेख गरे । 'स्रोतमाथिको अधिकार सबैको बराबर हुन्छ, जलविद्युत्मार्फत सरकारले गरिब तथा विपन्न परिवारलाई न्यूनतम दुई लाखदेखि अधिकतम पाँच लाखसम्मको शेयर दिएर न्यून आय भएका नागरिकको आर्थिकस्तर उकास्न खोजेको छ', उनले भने ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले ऊर्जा विकासका लागि सरकारले राखेको लक्ष्य पूरा गर्न आयोगको जिम्मेवारी महत्वपूर्ण रहने बताए । 'बढी सेवाग्राही आउने कार्यालयमा अनलाइन प्रणालीको विकास गर्दा काम छिटो, छरितो र सहज हुन्छ', उनले भने । साइबर सुरक्षाको समस्या हल गर्दै अनलाइन प्रणालीलाई व्यवस्थित ढङ्गले अगाडि बढाउनुपर्नेमा उनले जोड दिए ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्कीले सरकारले ल्याएको 'ऊर्जा विकास मार्गचित्र-२०८१' मुलुकको जलविद्युत् विकासमा ऐतिहासिक भएको बताए ।

विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले आयोगमार्फत प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई गुणस्तरीय, जिम्मेवार तथा जवाफदेही बनाउन, अन्तर्राष्ट्रिय अभ्यासलाई अवलम्बन गर्दै सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाउन अनलाइन प्रणालीका शुभारम्भ गरिएको बताए । अध्यक्ष धितालले आगामी दिनमा आयोगबाट प्रदान गरिने सम्पूर्ण सेवा तथा कामकारबाही पूर्णरूपमा प्रविधिमैत्री गर्ने अभियानमा आयोग प्रतिबद्ध रहेको स्पष्ट पारे ।


## विज्ञापनसम्बन्धी बाँकी बक्यौता रकम भुक्तानी गरिदिनु हुन अत्यन्त जरुरी सूचना !

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएका सम्पूर्ण विज्ञापनदाता, म्यानपावर र संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरेबापतको बाँकी बक्यौता रकम यही २०८१ साल **पुस मसान्त**भित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि
तथा
प्रभाव दैनिक
सिफल-७, काठमाडौं
फोन नं. ०१-४३७३५७७, ०१-४५८४३६८
marketing2prabhab@gmail.com, prabhabdailynews@gmail.com



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक



प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ